मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9844036278
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

वैभव — शनिबार ४ पृष्ठको वैभव
**बुनु थारु**- कामकाजी अभिभावकको भरोसा बन्दै दिवा शिशु स्याहार केन्द्र
**भरत केसी** - सिद्धबाबा सुरुङ 'ब्रेक थ्रु'
पोखरा भ्रमण वर्षको तयारी
जङ्गली रातो बाँदरः अब के नेपालमा मार्न पाइन्छ ?

वर्ष ३ | अंक ७६ | २०८१ साल माघ १२ गते शनिबार | Saturday 25, January 2025 | सूर्योदय: बिहान ६:५४ बजे | सूर्यास्त: साँझ ५:४१ बजे | पृष्ठ ४+४ | मूल्य रु. ५/-

# सरकारी कामकाजको भाषा तोक्ने विधेयक फिर्ता



**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले प्रदेश सभामा टेबुल गरेको सरकारी कामकाजको भाषा तोक्नेसम्बन्धी विधेयक दुई दिनमै फिर्ता लिन बाध्य भएको छ ।

मधेश प्रदेश सभामा बिहीबार सत्ता र विपक्षी दलहरुले उठेर विरोध जनाउन थालेपछि सरकारले आज विधेयक फिर्ता लिएको हो । प्रदेश सभाको बैठक शुरु हुनासाथ जसपा नेपालका सचेतक रामअशिष यादवले सरकारले विनाछलफल र तयारीको अभावमा विधेयक ल्याएको कारणले यसको विरोधमा आफ्नो पार्टी होइन, सिंगो सदन नै रहेका कारण सरकारले छलफल गरेर विधेयक अगाडि बढ्दा सहज हुने जिकिर गरेका थिए ।

प्रदेशका शिक्षा तथा संस्कृति मन्त्री रानी शर्मा तिवारीले बुधबार भाषासम्बन्धी विधेयक पेस गरेकामा चौतर्फी विरोध भएपछि तिवारीले शुक्रबार विधेयक फिर्ता लिने प्रस्ताव गरेकी हुन् । उनले विधेयक परिपक्क हुनसमेत ७२ घटना लाग्ने भए पनि यसमा संशोधन समितिमा बहस गरेर उठेका समस्यालाई सम्बोधन गराउने सकिने सम्भावना हुँदाहुँदै विधेयक फिर्ता नै लिनु सदनको अधिकार भए पनि असन्तुष्टि पोखिन् । विधेयक त्रुटिपूर्ण रहेको र थप अध्ययन नगरी पेस गरेको उनले स्वीकार गरेकी छन् । मधेश प्रदेशको मन्त्रिपरिषद्को शुक्रबार बसेको बैठकले विधेयक प्रदेशसभाबाट फिर्ता लिने निर्णय गरेको थियो । तिवारीले कानून मन्त्रालयको राय र सहमतिमा भएको बताउँदै यसमा थप छलफल गर्न सकिने र त्यसमा केही कमी भएको स्वीकार गर्दै अझ सम्भावना नै रहेको अवस्थामा यसरी फिर्ता लिने सरकारको निर्णय भएको जानकारी गराइन् ।

उनले भनिन्, 'थारु अधिकारका लागि आफ्नो पार्टी सबैभन्दा बढी लडेको कसैलाई भ्रम नहोस्, मेरो सबै भाषाभाषीमा सम्मान छ । तर यसमा केही त्रुटि भएको छ र सच्याएर फेरि ल्याउने छौँ ।' मन्त्री तिवारीले विधेयकमा त्रुटि भए पनि सदनबाटै सच्याउने अधिकार भएको बताइन् । उनले भनिन्, 'वास्तवमा विधेयक ल्याउँदा त्रुटि भयो । मैले थारू भाषा पनि समेट्नु पर्थ्यो भन्ने महसुस गरेकी छु । तर कानून मन्त्रालयले यसमा समेटेर पठाइदिए अझ राम्रो हुन्थ्यो ।'

बिहीबार प्रदेश सभाको बैठकमा सत्तापक्ष र प्रतिपक्षका सबै प्रदेश सभा सदस्यले एक स्वरमा विधेयकको विरोध गर्दै फिर्ता माग गरेको थियो । सरकारको नेतृत्व गरिरहेको जनमत पार्टीका नेतृत्वले समेत विधेयक फिर्ताका लागि मुख्यमन्त्रीमाथि दबाब बनाएपछि विधेयक फिर्ता लिइएको हो । थारु, मधेशी, मगही, उर्दूसहितका धेरै मातृभाषालाई कामकाजको भाषामा नसमेटेको भन्दै युवाहरुले बिहीबार प्रदेश भवन अगाडि प्रदर्शन गर्दै मुख्यमन्त्री र शिक्षामन्त्रीको पुत्ला जलाएका थिए । विधेयकमा नेपाली भाषाका अतिरिक्त मैथिली, भोजपुरी, बज्जिका, हिन्दी र अंग्रेजीलाई सरकारी कामकाजको भाषा बनाउन प्रस्ताव गरिएको थियो ।

# प्रदेश सरकारको क्रियाकलापबाट लोसपा असन्तुष्ट




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सत्तारुढ लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)ले मधेश प्रदेशमा पार्टी सरकारमा सहभागी भए पनि सरकारको क्रियाकलापप्रति असन्तुष्टि जनाएको छ । पार्टीका मधेश प्रदेशको बैठकमा बोल्ने अधिकांस व्यक्तिले प्रदेश सरकारको आलोचना गरेका छन् । प्रदेश सरकारमा पार्टी सहभागी भए पनि यसका अनभूति आफूहरुले नपाएको र सरकारको गतिविधिबाट जनतामा आक्रोश बढिरहेको भन्दै वक्ताहरुले विरोध जनाए ।

पार्टीका मधेश प्रदेश सचिव राम विनोद चौधरीले पार्टीको सरकारमा सहभागिता र सरकारको विषयमा समेत साथीहरुले कुरा राखेको जानकारी दिए । त्यसैगरी लोसपाका प्रदेश समितिको बैठकमा संसदीय दलका नेता विहीनताको अवस्थाबारे समेत कुरा उठेको छ । बहुमत सदस्यले जितेन्द्र सोनललाई नेता चयन गरे पनि अध्यक्ष महन्थ ठाकुरले त्यसलाई नमान्ने र सोनललाई नै कारबाही गर्ने विज्ञप्ति जारी गरेको कार्यको समेत बैठकमा कुरा उठेको र कतिपयले अध्यक्षको यस कार्यको विरोध गरे ।

राष्ट्रिय अध्यक्षले विधानअनकुल हुने कार्यमा समेत हस्तक्षेप गरेर मनोपोली गर्दा समस्या आएको बताउँदै बैठकमा यो कुरासमेत उठाइएको र यस्तो गतिविधिले पार्टी कमजोर भएको बैठकमा बोल्नेहरुले भनेका थिए । बैठकलेले वडास्तरदेखि सदस्य वितरण र अधिवेशन गराउँदै पार्टी संगठनलाई बलियो बनाउने निर्णय गरेको छ ।

प्रदेश अध्यक्ष सोनलले सरकारले अहिले संविधान संशोधनबाट मधेशी जनताको अधिकार र मुलुकलाई दुईदलीय व्यवस्थामा लैजान खोजेकामा आपत्ति जनाउँदै यसका लागि बैठकले मधेशको आठ जिल्लामा अन्तरक्रियामार्फत जनतालाई जागरुक बनाउने निर्णय भएको जानकारी दिए । उनले मधेशको जनताको अधिकार र पहिचान संघीयता भएका कारण पहिचान मेटिने गरी हुने संविधान संशोधन मान्य नहुने जिकिर गरे ।

# 'शीशे के घरों में रहने वाले लोग दूसरों के घरों में पत्थर नहीं फेंकते'



मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले आफ्नो नेतृत्वमा रहेको सरकारमाथि अनियमतताको आरोप लगाउनेहरुप्रति आक्रोश व्यक्त गरेका छन ।

मधेश प्रदेश सभाको बैठकमा विशेष समय लिएर बोल्दै मुख्यमन्त्री सिंहले निवर्तमान मुख्यमन्त्री सरोजकुमार यादवले सरकारमाथि लगाएको आरोपको खण्डन गर्दै सात वर्षमा जसको नेतृत्वमा सरकार थियो, तीनै पार्टीले आफ्नो सात महिनाको मूल्याकन गरेर अनियमितताको आरोप लगाइरहेको बताउँदै यसमा कुनै पनि प्रकारले सत्यता नभएको बताए । उनले यादव मुख्यमन्त्री हुँदा आफ्नो निर्वाचन क्षेत्रमा मनपरी बजेट लगेर अनियमितता गरेको पनि आरोप लगाए ।

उनले महेन्द्र नारायण निधि जनता आवास योजनामा समेत लक्षित वर्गलाई योजनाको लाभ दिनुको साटो आफ्ना नजिकका कार्यलाई मात्रै लाभ दिएको भन्दै आक्रोश पोख्दै स्थायी कर्मचारीहरु डरले योजनाको मूल्यांकन गर्न समेत नजाने गरेको आरोप लगाए । मुख्यमन्त्री सिंहले आफ्नो नेतृत्वमा सरकार बनेदेखि कुण्ठित भएर नियोजितरुपमा हमला भइरहेको भन्दै सरकारबाट केहीकमजोरी भएको र त्यसलाई सच्याएर अगाडि बढ्न आफू तयार रहेको बताउँदै केही बिगार्न नआएको बताउदै नियोजितरुपमा सरकारमाथि प्रहार नगर्न आग्रह गरे ।

मुख्यमन्त्री सिंहले मधेश प्रदेश सभाका सदस्य साजिदा खातुनको घटनामा सरकार गम्भीर रहेको बताउँदै खातुन र उनका श्रीमानले समेत अर्को पक्षलाई कुटपिट गरेको भिडियोसमेत आएको दोहो¥याए र दोषीलाई प्रहरीले पक्राउ गरेर कारबाहीसमेत गरेको जानकारी दिए ।

मुख्यमन्त्री सिंह माओवादी केन्द्रका प्रदेश सभा सदस्य रहबर अन्सारीमाथि निकै आक्रोसित भएका थिए । उनले आफू राज्यमन्त्री हुँदा के के गरेको कुरा सबैलाई थाहा भएको बताउँदै उनले पर्साको अस्पतालमा आफैँले अनियमितता गरेकोसमेत आरोप लगाए । अस्पतालको सामानमा भएको अनियमितताको अख्यितारले छानबिन गरिरहेको बताउँदै आफ्नो घर शिशाको अनि अर्कोको घरमा ढुंगा हान्नु उचित नभएको बताए । अन्सारीले प्रदेश सभामा बोल्दै मधेश प्रदेशमा भ्रष्टाचार बढेको बताउँदै भ्रष्टाचारको 'रेडलाइट' एरिया मधेशलाई घोषणा गर्न माग गरेका थिए ।

# पर्साका तीन संघीय मन्त्रीलाई आजपाको प्रश्नैप्रश्न

***नारायणी अस्पताललाई मेडिकल कलेज किन नबनाएको ? जिर्ण अवस्थामा रहेको नारायणी रंगशालाको सुधार कहिले हुने ? स्तरोन्नति कहिले हुने ? ठाकुरराम बहुमुखी क्याम्पसलाई विश्वविद्यालय कहिले बनाउने ? वीरगंजको चिनी मिल कहिले सञ्चालन हुने ? भद्रगोल बस्तीलाई आधुनिक पूर्वाधारसँग कहिले जोड्ने ? समृद्ध वीरगंज किन उजाड भयो ?***

**मधेशदृष्टि**
**वीरगंज ।**
आम जनता पार्टी (आजपा)ले वीरगंजमा सडकमै पत्रकार सम्मेलन गरेर पर्साका संघीय मन्त्रीहरुलाई प्रश्नैप्रश्नको वर्षा गरेको छ । घण्टाघरमा आयोजित पत्रकार सम्मेलनमा पर्साबाट संघीय मन्त्री भएकाहरुसँग आजपाले प्रश्न गरेको हो ।




पर्साबाट नेकपा एमालेका नेता राजकुमार गुप्ता संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री छन् भने नेपाली कांग्रेसका अजय चौरसिया कानून मन्त्री र जसपाका प्रदीप यादव खानेपानी मन्त्री छन् । पर्साबाट संघीय सरकारमा तीन मन्त्री भए पनि पर्साको विकासका लागि सबै मन्त्रीले केही पनि नगरेको गम्भीर आरोप आजपाले लगाएको छ ।

आजपा मधेश प्रदेश कमिटी अध्यक्ष उमेश कुशवाहाले पर्साबाट तीनजना नेता संघीय सरकारमा मन्त्री भए पनि वीरगंजको विकासका लागि के–के काम गरेको भन्दै गम्भीर प्रश्न उठाए । समृद्ध वीरगंज उजाड बनाइएको बताउँदै उनले वीरगंजलाई देशको आर्थिक राजधानी बनाउन माग गरे ।

'वीरगंजसहित तराईमधेसमा खानेपानीको समस्या दिनदिनै बढ्दै गईरहेको छ । खानेपानीको हाहाकार छ । तर पर्साबाट खानेपानी मन्त्री भएका मन्त्रीज्यूलाई कुनै चिन्ता र चासो छैन्,' कुशवाहाले भने, 'यहाँ जति विकास भएको छ, पहिला नै भएको विकास मात्र देखिन्छ, अहिले तीनजना नेता संघीय सरकारमा मन्त्री हुनुभएको छ । उहाँहरुले वीरगंजको विकासका लागि के के गर्नुभयो, जनता जान्न चाहन्छन् ।' वीरगंजलाई आर्थिक राजधानी घोषणा गराउन र भ्रष्टाचारविरुद्ध खबरदारीसभा वीरगंजमा हालै सम्पन्न गरेको आजपाले त्यसअघि भ्रष्टाचारविरुद्ध मधेश यात्रा अभियान सञ्चालन गरेको थियो । वीरगंजलाई देशकै आर्थिक राजधानी घोषणा गराउँन आजपाले विभिन्न समिति गठन गरेर काम गरिरहेको जानकारी उनले दिए ।

केन्द्रीय सदस्य एवम् पर्सा इन्चार्ज लखिन्द्र साहले मन्त्रीहरुले पर्सावासीलाई ढाँट्नेबाहेक अरु केही काम नगरेको आरोप लगाए । 'नारायणी अस्पताललाई मेडिकल कलेज किन नबनाएको ? जिर्ण अवस्थामा रहेको नारायणी रंगशालाको सुधार कहिले हुने ? स्तरोन्नति कहिले हुने ? ठाकुरराम बहुमुखी क्याम्पसलाई विश्वविद्यालय कहिले बनाउने ? वीरगंजको चिनी मिल कहिले सञ्चालन हुने ?' साहले प्रश्न गरे, 'भद्रगोल बस्तीलाई आधुनिक पूर्वाधारसँग कहिले जोड्ने ? समृद्ध वीरगंज किन उजाड भयो ?'

वीरगंजमा देखिएको विकास पञ्चायतकाल र गणतन्त्रअघि नै भएको बताउदै उनले पर्साका मन्त्रीहरुले वीरगंजको विकासमा ध्यान नदिएको आरोप लगाए । यस्तै, आजपाले भ्रष्टाचारविरुद्ध गरिरहेको विभिन्न कार्यक्रमबारेसमेत जानकारी गराएको छ । आजपा पर्साका अध्यक्ष विश्वराज पटेलले वीरगंजको विकासका लागि मन्त्री भएकाहरुले बेइमानी गरेको टिप्पणी गरे । यस्तै, सीमावर्ती क्षेत्रमा भन्सारका नाममा भइरहेको छिनाझप्टी अन्त्य गर्न उनीहरुले माग गरे । सर्वसाधारण नागरिकलाई सीमावर्ती क्षेत्रमा प्रहरीले मनोमानी गरिरहेको भए पनि पर्साका मन्त्रीहरुले केही पनि नगर्नु लाजमर्दो बिषय भएको पटेलले बताए ।



**उखु बिक्रीः** महोत्तरीको मनरासिश्वा नगरपालिका–२ स्थित भोलही चोकमा चिनी मिलमा बिक्री गर्न लैजान उखु लोड गर्दै किसान । तस्बिरः सञ्जीतकुमार मण्डल/रासस

# एचपिभी खोप लगाउन मन्त्रीको अनुरोध

**काठमाडौँ ।**
स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्धको 'ह्युमन पापिलोमा भाइरस' (एचपिभी) खोप लगाउन अनुरोध गरेका छन् । उनले भिडियो सन्देश जारी गर्दै नेपालमा पाठेघरको मुखको क्यान्सरसम्बन्धी जोखिम बढ्दै गएको विभिन्न तथ्याङ्कले देखाएको भन्दै किशोरीलाई खोप लगाउन अनुरोध गरेका हुन् ।

उनले प्रारम्भिक किशोरावस्थामा एचपिभी खोप लगाएमा पाठेघरको मुखको क्यान्सर हुनबाट बच्न सकिने धारणा राखे । 'सरकारको नीति तथा कार्यक्रममा एचपिभी खोप ल्याउने योजना बनाएअनुरुप खोप ल्याएर देशैभर अभियान सञ्चालन गरिरहेका छौँ,' उनले भने, 'यो अभियानअन्तर्गत कक्षा ६ देखि १० सम्मका छात्राहरू र विविध कारणले विद्यालय बाहिर रहेका १० देखि १४ वर्ष उमेरसम्मका सम्पूर्ण किशोरीलाई स्वास्थ्य सेवा विभागमार्फत खोप दिन थालिएको छ ।'

मन्त्री पौडेलले आगामी वर्षदेखि कक्षा ६ का छात्राहरू र विद्यालय बाहिर रहेका १० वर्षका किशोरीलाई नियमित अभियानमार्फत खोप दिइने बताए । उनले अभियान सफल बनाउन सबैको सहभागिता आवश्यकता पर्ने बताउँदै सङ्घ, प्रदेश र स्थानीय तहमा रहेका स्वास्थ्य तथा शिक्षा क्षेत्रका प्रतिनिधि, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालगायत सम्बन्धित सबैको सहभागिता लागि आह्वान गरे ।

मन्त्री पौडेलद्वारा जारी विज्ञप्तिमा विद्यालय केन्द्रित खोप केन्द्रबाट उपलब्ध गराइने भएकाले लक्षित समूहका किशोरीले आआफ्नो विद्यालय वा नजिकको विद्यालयमा खोप लगाउन अनुरोध गरिएको छ । किशोरीलाई पाठेघरको मुखको क्यान्सरबाट बचाउन माघ २२ गतेदेखि फागुन ६ गतेसम्म देशभरका कक्षा ६ देखि १० सम्मका १० देखि १४ वर्ष उमेर समूहका १६ लाख ८८ हजार नौ सय किशोरीलाई विद्यालयमा गएर खोप लगाइने मन्त्रालयले जनाएको छ । रासस

# बालविवाहमुक्त अभियानमा सरकार प्रतिबद्ध

**मकवानपुर ।**
बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले बालविवाह मुक्त नेपालका लागि प्रतिबद्धता व्यक्त गरेका छन् ।

मुख्यमन्त्री कार्यालय हेटौँडामा बालविवाह मुक्त नेपालका लागि जस्ट राइट्स फर चिल्ड्रेन इन नेपालका प्रतिनिधि तथा बालबालिकामाझ उनले प्रतिज्ञा पत्रमा हस्ताक्षर गर्दै बागमती प्रदेश सरकार बालविवाह मुक्त अभियानमा प्रतिबद्ध रहेको बताए । मुख्यमन्त्री लामाले यसअघि नै प्रदेश सरकारले बालविवाह मुक्त गर्नका लागि नीति र कानुनहरू बनाइसकेको समेत बताए ।

'हामीले यसअघि नै कानून बनाइसकेका छौँ, स्थानीय तहहरूमा पनि नीति र कानुन बनाउँदैछौँ,' उनले भने, 'कानुनी र संवैधानिक रुपमै हामी बालविवाह मुक्त प्रदेशका लागि प्रतिबद्ध छौँ ।' हस्ताक्षर समारोहमा सामाजिक अभियानकर्मी बालकृष्ण पाण्डे, डा. गङ्गाधर अधिकारी, देवकी रेग्मीलगायत बालबालिकाको सहभागिता थियो । सन् २०३० सम्म बालविवाहमुक्त नेपाल घोषणा गरिसक्नका लागि गत पुस १६ गते प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिबद्धतापत्रमा हस्ताक्षर गरेर अभियानको सुरुआत गरेका थिए ।

त्यसपछि सङ्घीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री तथा सातै प्रदेश सरकारका सामाजिक विकास मन्त्रीहरूले संयुक्त रुपमा राष्ट्रिय अभियानको सुरुआत गरेका थिए । विश्वव्यापी यो अभियान तीन महादेशका करिब २८ राष्ट्रमा सञ्चालित छ । बालविवाह रोकथामका लागि प्रदेश सरकारका मुख्यमन्त्री लामाले गरेको प्रतिबद्धताप्रति धन्यवाद दिँदै अभियानकर्मी पाण्डेले बालविवाह रोकथामका लागि समुदायस्तरबाट पनि अभियान थाल्नुपर्ने बताए ।

उनले शारीरिक र मानसिक रूपमा परिपक्व भएर मात्रै विवाह गर्नु उपयुक्त हुने हुँदा नेपालको कानूनले २० वर्ष पुगेपछि मात्र विवाह गर्न योग्य मानेको जानकारी दिए । अहिले पनि बालविवाहका घटना सुनिँदै आएकामा राज्यले यसलाई रोक्नका लागि कानुनमा भएको व्यवस्थाको प्रभावकारी कार्यान्वयनमा जोड दिन उनले सुझाव दिए । रासस

# गढीमाई मन्दिर तोडफोड गर्ने तीन पक्राउ

**मधेशदृष्टि**
**बारा ।**
महागढ़ीमाई नगरपालिका–१ स्थित विश्वप्रसिद्ध गढीमाई मन्दिर तोडफोड गर्ने तीन जनालाई प्रहरीले पक्राउ गरेको छ । माघ १ गते उनीहरूले मन्दिरभित्र रहेका विभिन्न धार्मिक सामग्रीमा क्षति पु¥याएका थिए । गढीमाई मन्दिरमा पञ्चवर्षीय मेला चलिरहेको अवस्थामा मन्दिरका दर्शनार्थीले चढाउँन ल्याएका परेवा उनीहरुले लुटेका आरोप छ । उनीहरुले तोडफोडक्रममा घण्टी, पंखा, त्रिशूल, सिसिक्यामरा, दान पेटिकालगायतका सामानमा नोक्सानी पुऱ्याएको बारा प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रकाश सापकोटाले बताए । घटनाको छानबिनका लागि जिल्ला प्रहरी कार्यालय बाराबाट खटिएको टोलीले मन्दिरमा जडान गरिएको सिसिटिभी फुटेजका आधारमा दोषीहरू पहिचान गरेको थियो । अनुसन्धानपछि प्रहरीले तीनजनालाई पक्राउ गर्न सफल भएको छ । पक्राउ पर्नेमा रौतहट, वृन्दावन–२ का २३ वर्षीय एजाज अन्सारी, बाराको महागढ़ीमाई नगरपालिका–१ का १९ वर्षीय अरमान अन्सारी र सोही वडाका ३६ वर्षीय बिद्या सागर पटेल छन् । प्रहरीले घटनामा संलग्न अन्य व्यक्तिको खोजी गरिरहेको जनाएको छ । साथै, पक्राउ परेकामाथि आवश्यक कानूनी प्रक्रिया अघि बढाइएको छ । धार्मिक स्थलमा भएको यस किसिमको तोडफोडले समाजमा नकारात्मक सन्देश प्रवाह गर्ने भएकाले दोषीलाई कडाभन्दा कडा सजाय दिनुपर्ने माग स्थानीयबाट उठेको छ ।

# महाभारतमा आगलागीः सेना परिचालन, पर्यटकीय क्षेत्रमा जान रोक

**काभ्रे ।**
दक्षिणी क्षेत्रस्थित महाभारत पर्वतशृंखलाको सामुदायिक वनमा मङ्गलबार दिउँसोदेखि शुरू भएको आगलागी नियन्त्रणमा आउन सकेको छैन । जिल्लास्थित विपद् व्यवस्थापन समितिको बैठकले बिहीबार सरोकारवालासँग छलफल गरी सम्पूर्ण निकायको जनशक्ति परिचालन गर्ने निर्णय गरेको छ ।

बेथानचोक र महाभारत गाउँपालिकाको सीमास्थित खानीखोला गाउँपालिका–१ थाम लेकडाँडामा आगलागीका कारण फैलिएको आगोले अन्य वन क्षेत्रमा समेत आगलागीको सम्भावित घटना हुनसक्ने भएकाले काभ्रेपलाञ्चोकको पर्यटकीय क्षेत्र नारायणस्थानमा जान रोक लगाइएको छ । आगलागीका कारण हाल बेथानचोकको पर्यटकीय क्षेत्र नारायणस्थान मन्दिरलगायत वडा नम्बर १, २, ३ र ५ का केही क्षेत्रसमेत जोखिममा रहेको गाउँपालिकाले जनाएको छ । सोही कारण गाउँपालिकाले सार्वजनिक सूचनामार्फत पर्यटकीय क्षेत्र नारायणस्थानमा आन्तरिक तथा बाह्य पर्यटक र सर्वसाधारणलाई भ्रमणमा रोक लगाएको हो । आगलागी नियन्त्रण नभएसम्म यस क्षेत्रमा नजान गाउँपालिकाले सूचना जारी गरेको गाउँपालिका अध्यक्ष भगवान अधिकारीले जानकारी दिए । उनका अनुसार स्थानीय सरकार, प्रहरी, नेपाली सेनालगायत सबै आगो नियन्त्रण गर्न लागिरहेका छन् । 'हामीले आगलागी क्षेत्रमा उच्च सावधानी अपनाउन सम्बन्धित सबैका लागि जानकारी गराएका छौँ,' अधिकारीले भने । खानीखोला गाउँपालिका–१ थामलेकडाँडास्थित सामुदायिक वनमा लागेको आगो अझै नियन्त्रणमा आउन नसकेको हो । प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले बुधबार साँझ त्यसतर्फ पठाइएको नेपाली सेना तथा प्रहरीका टोलीले स्थानीयसँग समन्वय गरी नियन्त्रणको पहल गरिरहेको बताए । उनका अनुसार सुरक्षाकर्मीले आगलागीको क्षेत्र तथा मानवबस्तीको अनुगमन गरी मानबस्तीतर्फ आगो आउन नदिनेगरी नियन्त्रणको पहल गर्न र क्षति हुने देखिए तत्काल स्थानान्तरण गर्न भनिएको छ ।

डिभिजन वन कार्यालय धुलिखेलका अनुसार मङ्गलबार दिउँसो २ बजेदेखि वनको भिर क्षेत्रबाट आगलागी शुरू भएको हो । हाल आगलागी नियन्त्रणको अवस्था नरहेको जिल्ला प्रहरी कार्यालय धुलिखेलले जनाउँदै आएको छ । कार्यालयले आगलागी नियन्त्रणका लागि अवस्था अनुगमन गर्न पठाएको टोलीले वन क्षेत्र तथा मानवबस्तीको यकिन गरिरहेको वन कार्यालयका प्रमुख कृष्णबहादुर थापाले बताए । उनका अनुसार वनमा आगो फैलिरहेकाले नियन्त्रणका लागि जिल्लास्थित प्रशासन कार्यालय तथा सुरक्षा निकायको संयुक्त बैठकबाट वन डढेलो नियन्त्रण सामग्री भएसम्म सुरक्षाकर्मीलाई उपलब्ध गराउने, वन कार्यालयको संयोजकत्वमा १३ वटै स्थानीय तह सुरक्षा निकाय, वन उपभोक्ता महासङ्घसँग समन्वयमा डढेलो लगाउने व्यक्तिको पहिचान गरी कानूनी कारबाही गर्न सबडिभिजन कार्यालय र सुरक्षा निकायलाई निर्देशन दिइएको छ ।

प्रमुख जिल्ला अधिकारी ढकालले बुधबार साँझदेखि नै त्यसतर्फ पठाइएको जिल्लास्थित नेपाली सेना तथा प्रहरीका विभिन्न युनिटको टोलीले स्थानीयसँग समन्वय गरी नियन्त्रणको पहल गरिरहेको बताए । 'उहाँहरूले सोहीअनुसार कार्य गरिरहनुभएको छ, आगलागी थप फैलिरहेको भन्ने सूचना आएको छ, सुरक्षा निकायसहित हामी त्यसप्रति संवेदशील छौँ,' उनले भने । आगलागी थप फैलिँदै गए नियन्त्रणका लागि अन्य सरोकारवाला निकाय (गृह मन्त्रालय)सँग थप समन्वय गरी आवश्यकीय उपकरणसहित थप जनशक्ति परिचालन गरिने ढकालले बताए ।

यसैगरी, पर्यटकीयसँगै बहुमूल्य जडीबुटी तथा जङ्गली जनावरको बासस्थान रहेको महाभारत जङ्गलमा तीन दिनदेखि आगलागी भइरहेको हो । बेथानचोक गाउँपालिका–६ स्थित भुग्देउको माथिल्लो क्षेत्रको बस्ती आगलागीको नजिक रहेको बताइएको छ । त्यस क्षेत्रमा रहेको बहुमूल्य जडीबुटी, महत्त्वपूर्ण रूख, जङ्गली जनावर तथा चराको बासस्थान रहेको यस क्षेत्रलाई जोगाउन आवश्यक छ देखिएको स्थानीय बताउँछन् । आगलागी भएको स्थानबाट मानवबस्ती करिब चार किलोमिटरको दूरीमा रहेको जनाइएको छ । जिल्ला प्रहरी कार्यालय धुलिखेलले भने हालसम्म कुनै मानवीय एवम् पशुमा क्षति नपुगेको जनाएको छ । रासस

# रेल दुर्घटनामा सात नेपालीको मृत्यु, सरकारद्वारा दुःख व्यक्त

**काठमाडौँ ।**
सरकारले माघ ९ गते भारतको महाराष्ट्र राज्यको जलगाउँ जिल्लाको परधाडे स्टेसननजिकै भएको रेल दुर्घटनामा परी सात नेपालीसहित १२ जनाको मृत्यु भएको घटनाप्रति दुःख व्यक्त गरेको छ ।

परराष्ट्र मन्त्रालयले विज्ञप्तिमार्फत दुर्घटनामा आफन्त गुमाएका शोकाकुल परिवारजनप्रति समवेदना व्यक्त गर्दै घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गरेको छ । रेल दुर्घटनामा नेपाली नागरिक कमला नवीन भण्डारी, लछिराम पासी, हिमु नन्दराम विश्वकर्मा, नन्दराम पद्म विश्वकर्मा, मैसारा कामी विश्वकर्मा, जोक्ला कामी र राधेश्याम राध नेपालीको निधन भएको मन्त्रालयले जनाएको छ ।

दुर्घटनामा घाइते भएका चार नेपालीमध्ये तीनजनाको स्थानीय अस्पताल र गम्भीर घाइते एकजनाको गोदावरी अस्पताल, जलगाउँमा उपचार भइरहेको छ । दुर्घटनामा मृत्यु भएका नेपालीको शव नेपाल ल्याउन तथा घाइतेको शीघ्र उपचार गर्नका लागि परराष्ट्र मन्त्रालयले नयाँ दिल्लीस्थित नेपाली राजदूतावास तथा काठमाडौँस्थित भारतीय राजदूतावासमार्फत भारत सरकारका सम्बन्धित निकायसँग समन्वय एवं सहजीकरण गरिरहेको जनाएको छ ।

अभिभावकीय भूमिका निर्वाह गर्न प्रचण्डको आग्रह

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले छिमेकी मुलुक भारतको महाराष्ट्र जलगाउँस्थित रेल्वेस्थान नजिक भएको रेल दुर्घटनामा परेका नेपालीहरूप्रति अभिभावकीय भूमिका निर्वाह गर्न सरकारसँग अनुरोध गरेका छन् ।

पूर्वप्रधानमन्त्री दाहालले दुर्घटनामा परी निधन भएका परिवार र घाइतेको उपचारमा गम्भीर हुन पनि सरकारको ध्यानाकर्षण गराए । अध्यक्ष दाहालले सामाजिक सञ्जालमार्फत भनेका छन्, 'दुर्घटनामा घाइते भएका आफ्ना नागरिकको उपचार तथा निधन भएका नागरिक र उनका परिवारप्रति तत्काल अभिभावकीय भूमिका पूरा गर्न नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउँछु ।'

घटनाप्रति दुःख व्यक्त गर्दै अध्यक्ष दाहालले दुर्घटनामा सात नेपालीसहित नेपाली र भारतीय नागरिकको निधन भएको र अरू थुप्रै घाइते भएको खबरले स्तब्ध बनाएको बताए । उनले दुर्घटनामा निधन भएका सबैमा श्रद्धाञ्जली अर्पण गर्दै आफन्तजनमा गहिरो समवेदना पनि प्रकट गरेका छन् । परराष्ट्र मन्त्रालयले दुर्घटनामा सात नेपालीसहित १२ जनाको मृत्यु भएको जनाएको छ । रासस

# संयमित भएर जनसेवामा लाग्न निर्देशन

**मधेशदृष्टि**
**रौतहट ।**
मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरका प्रमुख डिआइजी लालमणि आचार्यले संयमित भएर जनताको सेवामा लाग्न निर्देशन दिएका छन् । विभिन्न प्रदेशमा प्रहरीले नागरिकसँग गरेको दुव्र्यवहार सम्झना गर्दै डिआइजी आचार्यले प्रदेशमा राम्रो काम गर्ने प्रहरी लाई पुरस्कृत र नराम्रो काम अर्थात आलोचित हुने काम गर्ने प्रहरीलाई कडा कारबाही गर्ने चेतावनी दिए ।



शुक्रबार रौतहटको कटहरियास्थित इलाका प्रहरी कार्यालयको प्राङ्गणमा सञ्चारकर्मीसँग कुरा गर्दै गलत काम गर्ने कैयौँ प्रहरी लाई कारबाहीको दायरामा ल्याएको उनले बताए । मधेश प्रदेशको विगतको भन्दा अवस्था राम्रो रहेको तस्करी, आपराधिक क्रियाकलाप न्यून भएको समेत डिआइजी आचार्यले दाबी गरेका थिए । डिआइजी आचार्यले अर्को प्रसङ्गमा २०५९–६० मा इलाका प्रहरी कार्यालय गरुडाको प्रमुख इन्स्पेक्टर हुँदा पटकपटक कटहरिया आएको स्मरण गरेका थिए ।

उनले इलाका प्रहरी कार्यालय कटहरियाको त्यसबेला जुन अवस्था थियो, हाल पनि त्यही अवस्था रहेकोमा चिन्ता व्यक्त गरे ।

डिआइजी आचार्यले इलाका प्रहरी कार्यालय कटहरिया निरीक्षण गर्दै नेपाल सरकारको मापदण्डअनुसार भवन निर्माणका लागि पहल गर्ने प्रतिवद्धता जनाए । जनताको प्रत्यक्ष सेवा सुरक्षा दिने प्रहरीको भवन निर्माणका लागि स्थानीय र प्रदेश सरकारसँगै सरोकारवाला सबैले चासो राख्नु पर्ने सुझाव दिएका थिए । अपराध नियन्त्रण मात्र प्रहरीले चाहेर नहुने भएको बताउँदै अपराधमुक्त समाज निर्माणका लागि सबै नागरिकले आआफ्नो ठाउँबाट सहयोग गर्नु पर्ने आग्रह गरेका थिए । भेट्घाटमा डिआइजी आचार्य, प्रदेश ट्राफिक प्रहरी प्रमुख एसपी भीम किरण बोगटी, नेकपा एमाले केन्द्रीय सदस्य एवम् पूर्व प्रदेश सांसद कुन्दन कुशवाहा, समाजसेवी योगेन्द्र साह, वडा नम्बर ४ का अध्यक्ष चन्दन कुशवाहालगायतको सहभागिता थियो ।


## अधिकतम खुद्रा बिक्री मुल्य (MRP) प्रकाशनको सूचना

यस कम्पनीले CHINA बाट पैठारी गरेका देहायको माल वस्तुहरको अधिकतम खुद्रा बिक्री मुल्य निम्न बमोजिम भएको व्यहोरा सर्व साधारणको जानकारीको लागी प्रकाशन गरिएको छ।

| सि. नं. | मालवस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पतिको मुलुक राष्ट्र | ईकाई | प्रतिईकाई मुल्य | अधिकतम खुद्रा बिक्री मुल्य MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SINGLE DOOR SHOWCASE | | VELTECH | JMSC253 | 253 LTR. | CHINA | PCS | NPR | 55,000.00 | |
| 2 | SINGLE DOOR SHOWCASE | | VELTECH | JMSC363 | 363 LTR. | CHINA | PCS | NPR | 65,000.00 | |
| 3 | SINGLE DOOR SHOWCASE | | VELTECH | JMSC600M | 600 LTR. | CHINA | PCS | NPR | 90,000.00 | |

बिक्रेता फर्मको नाम : जय माँ ईलेक्ट्रोनिक्स
ठेगाना : विरगंज बाईपास-२

स्थायी लेखा नं. 302637148
फोन : 051-531107, 529772

२०८१ साल माघ १२ गते शनिबार
Saturday 25, January 2025

मधेशदृष्टि
वैभव



# कामकाजी अभिभावकको भरोसा बन्दै दिवा शिशु स्याहार केन्द्र

**बुनु थारु**
**काठमाडौँ।**

माघको पारिलो घाम । साना नानीहरुलाई एउटा कोठामा स्याहारकर्ताले लिटो खुवाइरहेका छन् । खेलौनाले भरिएको अर्को कोठामा गीत बजिरहेको छ, जहाँ बच्चाहरु रमाइरहेका देखिन्छन् । यो दृश्य हो, राज्यकै शक्तिशाली प्रशासनिक केन्द्र सिंहदरबारमा अवस्थित दिवा शिशु स्याहार केन्द्रको । बच्चाहरु पनि स्वच्छन्द तरिकाले खेलिरहेको देख्दा लाग्छ, उनीहरु आफ्नै घरमा छन् । केन्द्रमा ठ्याक्कै १:३० बजे राष्ट्रिय अनुसन्धान विभागमा कार्यरत पवित्रा केसी आउनुभयो । उहाँ हरेक दिन ‘ब्रेक टाइम’मा आफ्नो १४ महिनाको बच्चालाई स्तनपान गराउन शिशु स्याहार केन्द्र आइपुग्नुहुन्छ । उहाँले तीन महिनादेखि बच्चालाई यहाँ भर्ना गर्नुभएको छ । श्रीमान् र श्रीमती दुवै जागिरे । घरमा स्याहार गर्ने कोही नभएपछि केन्द्रमा राखेको उहाँको भनाइ छ ।

केसी जस्तै देवकी पाण्डे पनि आफ्नो छ महिने बच्चालाई स्तनपान गराउन खाजा समयमा आउनुहुन्छ । रेडियो नेपालमा कार्यरत उहाँले पहिलो सन्तान पनि यही केन्द्रमा राखेर हुर्काउनुभएको हो । उहाँले यही माघ १ गतेदेखि दोस्रो सन्तानलाई पनि कार्यालय समयमा यहाँ राख्न थाल्नुभएको हो । केन्द्रको स्याहारसुसार, खानपानलगायतका व्यवस्थापन राम्रो रहेको पाण्डे बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, ‘केन्द्रले हामीजस्तो कामकाजी आमालाई निकै सजिलो बनाएको छ । अफिस नजिक भएर पनि बेलाबेला आउन सहज छ । खाना स्वस्थ्यकर छ । स्याहार राम्रो छ । बच्चालाई यहाँ छोड्दा ढुक्क लाग्छ ।’

राष्ट्रिय अनुसन्धानमा कार्यरत केसीलाई पनि यहाँको सेवा सन्तोषजनक लागेको छ । ‘जागिरे बा–आमाका लागि यो केन्द्रले निकै फाइदा पु¥याएको छ । घरमा बच्चा हेर्ने मान्छे नभएपछि चिन्ता लाग्ने र काममा पनि ध्यान नजाने । हामी दुवै खुसी छौँ’, उहाँले भन्नुभयो ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागमा कार्यरत ऋचा कर्णलाई एउटै पिरलो थियो, बच्चा भएपछि कसरी स्याहार गर्ने ? दम्पती नै जागिरे हुँदा कसरी बच्चाका लागि समय निकाल्ने भन्ने चिन्ता अहिले दिवा केन्द्रले दूर गरिदिएको कर्णको भनाइ छ । हाल उहाँको बच्चा १० महिनाको भएको छ । “समय समयमा दूध खुवाउन आउन पाएकी छु । सुरुमा त केन्द्रको खानपिन कस्तो होला भन्ने चिन्ता लाग्थ्यो तर सबै सेवा राम्रो लाग्यो । पौष्टिक खानेकुरा दिनुहुन्छ । समयमा खुवाइदिने, डाइपर लगाइदिने सुविधा छ ।” उहाँले सरकारले यस्ता दिवा केन्द्र अरु ठाउँमा पनि खोल्नुपर्ने बताउनुभयो । शिला शर्मा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा कम्प्युटर अपरेटरका रुपमा कार्यरत हुनुहुन्छ । बच्चा सात महिना हुँदा दिवा केन्द्रमा राख्नुभएको थियो, अहिले १४ महिनाको भइसकेको छ । सेवासुविधा राम्रो रहेको उहाँको भनाइ छ ।

## थप बजेट आवश्यक



दिवा शिशु स्याहार केन्द्र विसं २०६७ मा निजामती कर्मचारी श्रीमती सङ्घद्वारा व्यवस्थापन हुनेगरी सञ्चालनमा ल्याइएको हो । सङ्घमा मुख्य सचिवकी श्रीमती पदेन अध्यक्ष हुने व्यवस्था छ । केन्द्रकी व्यवस्थापक शान्ति थापाका अनुसार बालबालिकालाई तीन प्रकारले वर्गीकरण गरिएको छ । तीन महिनादेखि एक वर्ष, एक वर्षदेखि दुई वर्ष र दुई वर्षदेखि तीन वर्षसम्मका लागि छुट्टाछुट्टै कोठाको व्यवस्था छ । हाल केन्द्रमा ७५ जना शिशु छन् । खानामा उमेरअनुसार जाउलो, ओट्स, सेरलेक्स्, रोटी, अण्डा, फलफूल दिइन्छ । आमाहरुले हाजिर गर्नुभन्दाअघि नै ९◌ः३० बजे केन्द्र खुलिसक्छ । सरकारी कार्यालयको समयअनुसार नै यहाँको सेवा सञ्चालन हुने गरेको छ । ब्रेक टाइममा बेलाबेलामा आएर आमाहरु स्तनपान गराउँछन् । महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको बजेटमा सञ्चालित यो दिवा सेवा केन्द्रमा ७५ जना बालबालिकाको क्षमता छ । हाल ४० जना बालबालिका प्रतिक्षा सूचीमा छन् ।

बच्चाहरुलाई स्याहार गर्ने, खाने, सुताउने, मात्र नभई मानसिक विकास, सामाजिक घुलनका लागि विभिन्न क्रियाकलापमा संलग्न गराउने गरिएको सह–व्यवस्थापक सङ्गीता घिमिरे बताउनुहुन्छ । ‘हामीले हरेक बालबालिकाको क्रियाकलापलाई ध्यानमा राखिएको छ । खाने, सुत्ने हरेक कुराको समय तालिका बनाएका छौँ । त्यहीअनुसार बच्चाहरु मिलेर बसेका छन्”, उहाँ भन्नुहुन्छ । व्यवस्थापनले आमाहरुको ‘भाइबर ग्रुप’ पनि बनाइदिएको छ । बच्चाले दिनभर गरेको क्रियाकलाप भाइबरमा राखिन्छ, जसले





राखेका हुन्छौँ । कसैको आँखा पो कमजोर छ कि, केही अङ्गमा समस्या पो छ कि भनेर याद गर्छौं’, उहाँ भन्नुहुन्छ, ‘बच्चाले आँखाको इसारा, सुनेर, खेल्दा धेरै कुरा सिक्छन् । बच्चामा पनि एकअर्कासँग प्रतिस्पर्धाको भावना हुँदो रहेछ । समयसमयमा आमाहरुलाई पनि स्याहारसम्बन्धी तालिम दिँदै आएका छौँ ।’

बालबालिकाले समूहमा बस्ने, मिलेर खाने र खेल्ने सबै तालिकाअनुसार गर्छन् । “घरमा खाने टुङ्गो हुँदैन । यहाँ स्कुलजस्तै गरेर कामका बेलामा पनि आमालाई आफ्नो बच्चाको न्यास्रो नलगोस् र काम गर्ने ऊर्जा प्राप्त भइराखोस् ।


निजामती कर्मचारी सङ्घकी कार्यवाहक अध्यक्ष राधा ज्ञवाली महिला कर्मचारीलाई काम गर्न सहज होस्, स्तनपान गराउन सहयोग होस् र कार्यदक्षतामा असर नपरोस् भन्ने उद्देश्यले दिवा सेवा केन्द्र सञ्चालन गरिएको बताउनुहन्छ ।

उहाँले सङ्घले दुई वर्षदेखि ललितपुरमा पनि दिवा सेवा केन्द्र सञ्चालन गरेको र भक्तपुरमा पनि खोल्ने तयारी रहेको बताउनुभयो । हाल केन्द्रमा निजामती स्थायी कर्मचारीका छोराछोरीले मात्र भर्ना पाउने व्यवस्था छ । ठाउँ सीमित भएकाले त्यसो गर्नुपरेको ज्ञवाली बताउनुहुन्छ । ‘धेरै करारका कर्मचारीहरुले बच्चालाई राख्दिनुपर्यो भनेर अनुरोध गर्नुभएको छ, तर बजेट र ठाउँ अभावले ७५ जनाको मात्र क्षमता रहेको छ’, उहाँ भन्नुहुन्छ ।

महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले केन्द्र सञ्चालनका लागि वार्षिक रु ६० लाख दिँदै आए पनि यो वर्ष रु ७० लाख बजेट प्राप्त भएको छ । यसअघि अभिभावकहरुले महिनाको रु एक हजार पाँच सय तिर्दै आए पनि बजेट अभावले यो वर्षदेखि रु दुई हजार सात सय बनाउनुपरेको व्यवस्थापन पक्षको भनाइ छ । हाल १३ जना स्याहारकर्ता केन्द्रमा कार्यरत छन् । तीन महिनादेखि एक वर्षसम्मका १७ शिशु छन्, उनीहरुलाई चार जनाले हेर्छन् । यस्तै, एकदेखि दुई वर्षसम्म २८ जनालाई चार जना स्याहारकर्ताले स्याहार गर्छन् । दुईदेखि तीन वर्षका ३० जनालाई पाँच जनाले स्याहार गर्छन् । भान्सामा एक जना कुक र एक सहयोगी छन् ।

सहव्यवस्थापक थापाले दिवा सेवा केन्द्रको मापदण्डअनुसार पूर्वाधार निर्माण गर्न नसकिएको बनाउनुभयो । ‘पूर्वाधार बालबालिकामैत्री छैनन् । बजेट कम छ । हरेक बच्चालाई आया त पुगेको छैन तर पनि स्याहारमा हामीले शतप्रतिशत दिने प्रयास गरेका छौँ । स्तनपान कक्ष, बिरामी कक्षको आवश्यकता छ । बजेटले भ्याएसम्म गुणस्तरीय सेवा कायम गर्ने कोशिस गरेका छौँ ।’ रासस

# सिद्धबाबा सुरुङ 'ब्रेक थ्रु'







**भरत केसी**
**लुम्बिनी ।**
राष्ट्रिय गौरवको आयोजनाको रुपमा निर्माणाधीन सिद्धबाबा सुरुङमार्गको मुख्य सुरुङ छिचोल्ने काम ('ब्रेक थ्रु') भएको छ ।

सिद्धार्थ राजमार्गअन्तर्गत बुटवल–तानसेन सडकखण्डको माथिल्लो सिद्धबाबा मन्दिरदेखि एक किलोमिटर १२६ मिटर सुरुङमार्ग छिचोल्ने काम सकिएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीको उपस्थितिमा मुख्य सुरुङको 'ब्रेक थ्रु' गरेका छन् । मुख्य सुरुङ 'ब्रेक थ्रु' कार्यक्रममा उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल, भौतिक पूर्वाधारमन्त्री देवेन्द्र दाहाललगायतको उपस्थित थियो ।

सिद्धार्थ राजमार्गको तल्लो सिद्धबाबा मन्दिरदेखि पाल्पाको दोभानसम्म अत्यधिक पहिरो झर्ने क्षेत्र पर्छ । सुक्खायाममा पनि धुले पहिरो खस्ने गरेकाले राजमार्गको यस खण्डलाई सुरक्षित बनाउन सुरुङमार्ग निर्माण गरिएको हो ।

यो सुरुङमार्गका लागि २०७७ सालमा मन्त्रिपरिषद् बैठकले बजेट विनियोजन गरेसँगै २०७८ साल जेठ ९ मा सडक विभागले अन्तर्राष्ट्रिय रुपमा बोलपत्र आह्वान गरी सुरुङमार्ग निर्माणक ठेक्का लगाएको थियो । सुरुङभित्र केही समस्या आए निस्कन मिल्नेगरी तीनवटा बाइपास बनाइएको छ । तेस्रो र पहिलो बाइपास को 'ब्रेक थ्रु' भदौ तथा असोजमा भएकामा दोस्रो बाइपासको ब्रेक थ्रु गत पुस ७ गते भएको हो ।

यहाँ पहिलो बाइपासको लम्बाइ एक सय ५१ मिटर, दोस्रोको लम्बाइ एक सय ६१ मिटर र तेस्रोको एक सय ३० मिटर छ । पहिलो बाइपास माथिल्लो सिद्धबाबा मन्दिरतर्फको र तेस्रो बाइपास दोभान ड्याम साइडतर्फको हो ।

सुरूङमार्ग पाँच वर्षमा सक्ने गरी चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसनले रु सात अर्ब ३४ करोड २१ लाख ४० हजारको लागतमा सुरु गरेको काम २०८३ सालमा सम्पन्न हुनेछ ।

विस २०७८ फागुनमा निर्माण ठेक्का सम्झौता भएपनि कम्पनीले २०७९ सालको अन्तिमतिर सुरूङ खन्न थालेको हो ।

आयोजना प्रमुख कृष्णराज अधिकारीले सुरूङमार्गका तीनवटै बाइपास सुरूङ ब्रेक थ्रु भइसकेका छन् । सरकारले राष्ट्रिय गौरवको आयोजनाका रूपमा अगाडि बढाइरहेको यो सुरूङमार्ग बनेपछि बुटवलबाट पाल्पा, गुल्मी, स्याङ्जा, बागलुङ, पर्वतलगायत लुम्बिनी र गण्डकी प्रदेशका पहाडी जिल्लामा आवतजावत सहज हुनेछ ।

स्वीस एजेन्सी फर डेभलपमेन्ट एन्ड कोअप्रेशन (एसडिसी) ले २०७५ सालमा यो क्षेत्रको सर्वेक्षण गरी सुरुङमार्गको विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) तयार गरेको थियो । उक्त कम्पनीले सिद्धार्थ राजमार्गको बर्तुङ–चिडियाखोला सडकखण्डको सिद्धबाबादेखि दोभान चौकीसम्मको दुई हजार सात सय मिटर सडकक्षेत्र जोखिमयुक्त रहेको जानकारी सरकारलाई दिएको थियो । सोही सुझावअनुसार सुरुङमार्ग निर्माणको निर्णय भएको हो ।

विशाल चट्टानले युक्त भिरमा रक सेटअर्थात् स्लोप प्रोटेक्सनको काम गर्न सम्भव नभएको क्षेत्रमा सुरुङको प्रस्ताव भएअनुसार यो सुरुङ खन्न थालिएको हो । २०७६ मङ्सिर २ गते सुरुङमार्गका लागि रु १० अर्ब १५ करोड स्रोत सुनिश्चित भएको थियो । हाल यहाँ दैनिक ४० जना चिनियाँ र नेपाली दक्ष, अर्धदक्ष र अदक्ष गरी एक सय ५० जनाले नियमित काम गरिरहेका छन् । छिचोलिएको सुरुङभित्र पसेर सेकेण्डरी सपोर्टको काम भइरहेको छ ।

**सुरुङका दुवै मोहोडामा 'रक सेट र स्लोप प्रोटेक्सन'**

सिद्धबाबा सुरुङमार्ग निर्माण गर्दा सडकमा मुख्य जोखिम क्षेत्रलाई छाडेर छोटो सुरुङ बनाइएको आम बुझाइ छ । सुरुङमार्गको बुटवल र तानसेनतिरका दुवै मोहोडामा जोखिम क्षेत्रमा तीन हजार पाँच सय मिटर लामो रकनेट (जाली) र स्लोप प्रोटेक्सन गरिनेछ । यो सुरुङमार्गमा पुग्ने बुटवलतिरको खण्ड र सुरुङमार्गबाट निस्किएर तानसेनतिरको खण्डको जोखिमको सडकलाई माथि भिरसम्मै सुरक्षा गर्ने प्रविधि प्रयोग गरिने छ । अष्ट्रियाको 'न्याथम मेथड' नामको नयाँ डिजाइनमा सुरुङमार्ग बनेको छ । सोहीअनुसारका नयाँ डिजाइनमा रकसेट र स्लोप प्रोटेक्सनको काम हुने सुरुङमार्गका इञ्जिनियर श्रीजेस पौडेलले बताउनुहुन्छ । यसअघि इञ्जिनियर पौडेल नागढुङ्गा–सिस्नेखाला सुरुङमार्ग निर्माणमा संलग्न हुनुहुन्थ्यो । दुवै मोहोडामा सडकदेखि करिब ३५ मिटर माथिसम्मै स्लोपलाई सुरक्षा प्रदान गरिने इञ्जिनियर पौडेलले बताउनुभयो ।

अग्लो भिर र चट्टानी पहाड भएकाले सिद्धबाबा सडकखण्डमा बर्खा र हिउँदमा पहिरो झरिरहन्छ । दोभानदेखि बुटवलको चिडियाखोलासम्मको पाँच किलोमिटर क्षेत्र जोखिमपूर्ण मानिन्छ । बाह्रै महिना पहिरो झरेर हरेक वर्ष मानवीय क्षति हुने यो खण्डलाई सुरक्षित बनाउन सुरुङ निर्माण थालिएको हो ।





# बुटवल–गोरुसिङ्गे सडक स्तरोन्नति हुँदै



सडक विभागले दुई चरणमा गरेर बुटवलदेखि गोरुसिङ्गेसम्म ५० किलोमिटर र गोरुसिङ्गेबाट चन्द्रौटासम्म १९ किलोमिटर सडक स्तरोन्नति गर्दैछ । बुटवलदेखि रूपन्देही र कपिलवस्तुको सीमाक्षेत्र कोठीनदीसम्मको २५ किलोमिटर र कोठीदेखि गोरुसिङ्गेसम्म २५ किलोमिटरलाई दुई भागमा विभाजन गरी गत असार १३ गते सडक निर्माण ठेक्का सम्झौता भएको थियो । चिनियाँ निर्माण कम्पनी सान्सी कन्स्ट्रक्सन इञ्जिनियरिङ ग्रुप कर्पोरेशन र चितवन निर्माण सेवाले ठेक्का सम्झौता गरेको यो सडक स्तरोन्नति गर्दा सञ्चालनमा रहेको यातायात सेवा अवरुद्ध नहुने गरी निर्माण गरिने आयोजना प्रमुख न्यौपानेले बताउनुभयो ।

आयोजना प्रमुख न्यौपानेका अनुसार निर्माण कम्पनीले गत कात्तिक ४ गते सडक विभागसँग सडक स्तरोन्नतिका लागि कार्यादेश लिएको कम्पनीले ल्याब, क्रसर र कङ्क्रिट बनाउने ठाउँ बनाइसकेको छ । निर्माण कम्पनी एउटै भए पनि दुई भागमा विभाजन गरी अलगअलग ठेक्का भएकाले काम पनि दुईतर्फबाट एकैपटक हुनेछ । पचास किलोमिटर सडकअन्तर्गत सालझण्डी–पिपरा र वनगाई–गोरुसिङ्गेसम्म करिब २० किलोमिटर जङ्गल क्षेत्र छ । यो खण्डमा सर्भिस लेनबिना २४ मिटर चौडाइको चार लेन सडक बन्नेछ ।पूर्व–पश्चिम राजमार्ग खण्ड भएकाले बजार तथा बस्ती क्षेत्र पर्ने ३० किलोमिटरमा भने दुवैतर्फ सर्भिस लेनसहितको छ लेन सडक बन्ने आयोजना प्रमुख न्यौपानेले जानकारी दिनुभयो । यो सडक सहर उन्मुख क्षेत्रमा सर्भिस लेनसहित ३७ मिटर र सहरी क्षेत्रमा सर्भिस लेनसहित ५० मिटर चौडा हुनेछ । ठूला चोकहरुमा अन्डर पास र ओभर पास हुनेछन् । रासस




# पोखरा भ्रमण वर्षको तयारी



**पोखरा ।**

पोखरा महानगरपालिकाको विशेष पहलमा गत वर्ष पोखरालाई नेपालको पर्यटनको राजधानी घोषणा गरियो । यो घोषणाले निकै चर्चा पायो सकारात्मक र आलोचनात्मक दुवै तरिकाबाट । उचित रणनीति, पूर्वाधार विकास, र दीर्घकालीन योजना निर्माण नगरी पोखरालाई पर्यटनको राजधानी घोषणा गरिएको भन्ने टिप्पणी भएको थियो ।

तथापि, पोखरालाई पर्यटन राजधानी घोषणा गरेसँगै यस क्षेत्रले आर्थिक, सामाजिक र सांस्कृतिक रूपमा महत्वपूर्ण फाइदाहरू लिने विश्वासले पोखराका पर्यटन व्यवसायीमा बेग्लै ऊर्जा थपेको छ । घोषणापश्चात् पोखरालाई अन्तर्राष्ट्रिय पहिचान दिलाउनाका साथै स्थानीय अर्थतन्त्रमा वृद्धि, रोजगारीका अवसर सिर्जना र पूर्वाधार विकासको गति तीव्रसँगै यसले पर्यटकहरूलाई आकर्षित गर्दै स्थानीय कला, संस्कृति र प्राकृतिक सौन्दर्यको संरक्षण र प्रवद्र्धनमा योगदान पु¥याउने विश्वास सरोकारवाला सबैमा रहेको पाइन्छ । यतिबेला पोखरा



महानगरपालिकाले अहिले पोखरा भ्रमण वर्ष २०२५ लाई भव्य रुपमा मनाउने तयारी गरिरहेको छ ।

महानगरको नीति तथा कार्यक्रममा समेटेको भ्रमण वर्षलाई यही जनवरी महिनाको अन्तिम या फेब्रुअरीमा औपचारिक कार्यक्रम गरेर अघि बढाउने तयारी गरिरहेको पोखरा



महानगरका प्रमुख धनराज आचार्यले जानकारी दिनुभयो । उहाँले पोखरा भ्रमण वर्षलाई सफल बनाउन विशेष तयारीमा साथ लागिपरेको बताउनुभयो । 'पोखरा भ्रमण वर्ष २०२५ हाम्रो महानगरको पर्यटन क्षेत्रको उन्नति र प्रवद्र्धनका लागि कोसेढुङ्गा साबित हुने विश्वाससहित हामीले गृहकार्य थालेका छौँ, सफल बनाउँछौँ', प्रमुख आचार्यले भन्नुभयो ।

उहाँले नेपालको पर्यटकीय राजधानीका रूपमा रहेको पोखरालाई उत्कृष्ट गन्तव्य बनाउनका लागि विभिन्न पर्यटकीय गतिविधि, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकार्यलाई प्राथमिकता दिएको बताउनुभयो । 'पोखराको पर्यटनलाई साँचो अर्थमा नयाँ उचाइमा पु¥याउनका लागि सबै पक्षको समन्वय र दीर्घकालीन दृष्टिकोण अपनाउनु पर्छ', आचार्यले भन्नुभयो । उहाँले मित्रराष्ट्र चीनले आफ्ना नागरिकका लागि नेपाल भ्रमण वर्ष २०२५ घोषणा गरेको र यसले नेपालको पर्यटन प्रवद्र्धनमा ऐतिहासिक भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो । 'यो कदमले नेपाल र चीनबीचको मित्रता अझ सुमधुर बनाउनाका साथै पोखरालगायत नेपालको पर्यटकीय गन्तव्यलाई विश्वव्यापी रूपमा चिनाउने अवसर प्रदान गरेको छ ।'

नेपाल भ्रमण वर्ष २०२५ र चिनियाँ नयाँ वर्षका अवसरमा ठमेल र भक्तपुरमा आयोजना गरिएका सांस्कृतिक महोत्सवहरूले नेपालको सांस्कृतिक विविधता, परम्परा र पर्यटन प्रवद्र्धनमा नयाँ आयाम थप्ने विश्वास गरिएको छ ।



पोखरा महानगरपालिकाका पर्यटन तथा सहरी विकास महाशाखा प्रमुख विमल रञ्जन कार्कीले पोखरा महानगरले वर्ष २०२५ लाई विशेष पर्यटन वर्षका रूपमा सफल बनाउन विभिन्न योजना समेटेको बताउनुभयो । उहाँका अनुसार पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट प्रमुख देशहरूमा नियमित उडान सुरु गर्ने, पर्यटन विविधीकरणका लागि साहसिक पर्यटनसँगै सांस्कृतिक, ग्रामीण र पर्यावरणीय पर्यटनलाई प्राथमिकता दिने तथा स्थानीय समुदायको प्रत्यक्ष सहभागितामा आधारित योजनाहरू लागू गरेर उनीहरूको आर्थिक स्थिति सुधार गर्ने उद्देश्य रहेको छ । साथै, डिजिटल माध्यमबाट अन्तर्राष्ट्रियस्तरमा पोखराको प्रचार–प्रसार गर्दै पर्यटकलाई अविस्मरणीय अनुभव प्रदान गर्ने 'लाइफटाइम एक्सपेरियन्स' दिने नयाँ कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

महानगरले यो घोषणापश्चात १५ लाख पर्यटक भित्र्याउने महत्वाकाङ्क्षी योजना अघि सारेको कार्कीले जानकारी दिनुभयो । 'यस योजनामा पर्यटन, पूर्वाधार विकास, वातावरणीय दिगोपन, र सामुदायिक उत्थानलाई प्राथमिकता दिइएको छ', कार्कीले भन्नुभयो, 'निजी क्षेत्रसँग सहकार्य गर्दै वर्षभरि पोखरालाई पर्यटकीय गन्तव्यका रूपमा प्रवद्र्धन गर्ने लक्ष्य महानगरले राखेको छ ।' प्रत्येक वडामा कम्तीमा एक पर्यटकीय गन्तव्य विकास गरी तालदेखि ताल, गुफादेखि गुफा, हाइकिङ मार्ग निर्माण गरिनेछ । विशेष परियोजनाहरूअन्तर्गत अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको निर्माण, डेभिज फल्समा ग्लास ब्रिज, सेती नदी खोँचमा पर्यटक पूर्वाधारको विकास, फोहोर व्यवस्थापन केन्द्र निर्माण गरिने भएको छ । फेवाताल, सराङकोट, र अन्नपूर्ण परिपथजस्ता गन्तव्यहरूलाई थप प्रवद्र्धन गर्नाका साथै नयाँ पारिस्थितिक पर्यटन पहल, सांस्कृतिक पर्यटन कार्यक्रम र समुदाय–आधारित परियोजनामार्फत पर्यटकलाई विविध अनुभव प्रदान गर्ने प्रयास पनि भइरहेको छ ।

त्यसैगरी, प्राकृतिक सुन्दरता र सांस्कृतिक सम्पदामा आधारित पर्यटन कार्यक्रम सञ्चालन गर्नाका साथै मुक्तिनाथ प्रवेशद्वार निर्माण, फेवातालमा बाँध निर्माण, कोत्रेमझुवामा बहुउद्देश्यीय प्रवेश पार्क, फेवातालको माथिल्लो भागमा फेवा बीच विकास, रत्न मन्दिरलाई दरबार सङ्ग्रहालयका रूपमा पुनर्निर्माण, हेरिटेज ट्रेल र मेट्रो ट्याक्सी सेवाजस्ता पूर्वाधार विकास योजनाहरू कार्यान्वयन गरिने जनाइएको छ ।

एसियाली विकास बैङ्क (एडिबी) को आर्थिक सहयोगमा पोखराको पर्यटन विकास र स्थानीय जीविकोपार्जन सुधारका लागि विभिन्न परियोजनाहरु अहिले सञ्चालित रहेको पोखराको पर्यटन सुधार परियोजनाहरुबाट काम सुरुआत भएका छन् । एडिबीबाट सहरी उत्थानशील तथा जीवनयापन सुधार आयोजनाका लागि ३१.७९ मिलियन डलर आर्थिक सहयोग गरेको आयोजनाका म्यानेजर इन्जिनीयर कविता पौडेलले जानकारी दिनुभयो ।

पोखरा पर्यटन परिषद्का वरिष्ठ उपाध्यक्ष हरि भुजेलले पोखरा महानगरपालिकाले घोषणा तयारी गरेको पोखरा भ्रमण वर्षले पर्यटन क्षेत्रको विकास र पोखराको विश्वव्यापी पहिचानका लागि महत्वपूर्ण अवसरका रूपमा लिन सकिने बताउनुभयो । उहाँले हालै मात्र सम्पन्न ड्रागन बोट रेस प्रतियोगिता, सडक महोत्सव, हट एयर बेलुन महोत्सवजस्ता जल, जमिन र आकाश लक्षित महोत्सवहरुले अन्तर्राष्ट्रियजगत्मा पोखरालाई चिनाउन थप सहयोग पु¥याएको बताउनुभयो । भ्रमण वर्षका लागि पनि साहसिक पर्यटन, ग्रामीण पर्यटन र सांस्कृतिक पर्यटन प्रवद्र्धनलाई प्राथमिकता दिनुपर्ने उहाँको सुझाव छ ।

पोखरा महानगर सहरी योजना आयोगका पूर्वउपाध्यक्ष तथा पर्यटन रणनीतिका योजनाकार डा रामचन्द्र लामिछानेले भ्रमण वर्ष घोषणा मात्र नगरी यसको लक्ष्य हासिल हुनेगरी काम गर्नुपर्ने बताउनुहुन्छ । 'पोखरा भ्रमण वर्ष घोषणा गरेर मात्र पर्यटक आउँदैनन्, रणनीतिक योजनासहितका कार्यक्रम र पूर्वाधार विकासमा ध्यान दिनुपर्छ । उहाँले घोषणलाई व्यवहारमा उतार्नका लागि स्पष्ट रणनीति र दृढ इच्छाशक्ति हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

पोखरालाई अन्तर्राष्ट्रियस्तरको गन्तव्यका रूपमा स्थापित गर्न यातायात, होटल, गाइड, सुरक्षा, हस्पिटालिटी र स्थानीय समुदायको सशक्त सहभागिता सुनिश्चित गर्नुपर्छ । पोखराको पर्यटनलाई दिगो र समृद्ध बनाउन स्थानीय समुदायको सक्रिय सहभागिता, पर्यावरणीय संरक्षण र उत्कृष्ट पूर्वाधार विकास अनिवार्य हुन्छ । साथै, पूर्वाधार विस्तार, अन्तर्राष्ट्रिय उडान सञ्जालको प्रवद्र्धन र पर्यटन कार्यक्रमहरूको विविधताजस्ता पक्षहरूलाई प्राथमिकतामा राख्नुपर्ने सरोकारवालाहरुको भनाइ छ । रासस

# जङ्गली रातो बाँदरः अब के नेपालमा मार्न पाइन्छ ?

*सरकारले खेत बारीमा आउने जङ्गली रातो बाँदरलाई कृषि हानिकारक वन्यजन्तु घोषणा गरेपछि त्यसले बाँदरलाई धपाउन, लखेट्न र पक्रन कानुनी रूपमा नै बाटो खुलेको अधिकारीहरूले बताएका छन् । उक्त कदमले खेतबाली नष्ट गर्न आउने बाँदरलाई मार्नेसम्मको बाटो खोल्ने भन्दै त्यसले समस्याको दिगो समाधान नगर्ने सरोकारवाला पक्षहरूले बताएका छन् । तर वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले बाँदरलाई मार्न नयाँ सरकारी सूचनाले अनुमति नदिएको भन्दै बालीनालीमा उक्त जनावरले पुऱ्याइरहेको क्षति रोक्न यो नियम ल्याइएको बताए । लामो छलफलपछि नेपाल सरकार वन तथा वातावरण मन्त्रालयले देशैभरि लागु हुने गरी जङ्गली रातो बाँदरलाई एक वर्षका लागि कृषि हानिकारक वन्यजन्तु घोषणा गरेको हो । चार वर्षअघि गरिएको एउटा अध्ययनले देशका झन्डै चार हजार वडामा बाँदरले कृषिजन्य उत्पादनमा असर गरिरहेको पाइएको थियो ।*



**कस्ता सर्त राखिएका छन् ?**

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली २०३० को नियम ३६ को अधिकार प्रयोग गरी सरकारले जङ्गली रातो बाँदरलाई एक वर्षका लागि कृषि हानिकारक वन्यजन्तु घोषणा गरिएको जानकारी नेपाल राजपत्रमा प्रकाशित गरेको छ । त्यसरी कृषि हानिकारक वन्यजन्तुलाई सोही सूचनामा तोकिएका सर्त र बन्देजका अधीनमा रहेर खेत, खला, बारीमा पनि बिनाअनुज्ञापत्र धपाउन, लखेट्न, पक्रन वा मार्न सकिने प्रावधान उक्त नियमावलीमा छ । बिहीबार नेपाल राजपत्रमा प्रकाशित सूचनाले जङ्गली रातो बाँदर र जङ्गली बँदेललाई कृषि हानिकारक वन्यजन्तुका रूपमा राखिएको निर्णयबारे सूचना निकालेको थियो । जङ्गली रातो बाँदरका बारेमा राजपत्रमा किसानको खेतबारीमा आएर बालीनाली वा धनजनको हानिनोक्सानी पुऱ्याएमा किसान एक्लैले वा सामूहिक रूपमा त्यस्तो बाँदरलाई धपाउन, लखेट्न वा पक्रन सक्ने भनिएको छ । कुनै बाँदरलाई पक्रिएको खण्डमा सम्बन्धित राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, सिकार आरक्ष कार्यालय वा त्यस्ता कार्यालय मातहतको नजिकको कार्यालयमा बुझाउनुपर्ने र सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा समेत जानकारी दिनुपर्ने जनाइएको छ । बाँदर धपाउने, लखेट्ने वा पक्रने क्रममा त्यसको मृत्यु भएमा त्यस्तो बाँदरलाई सम्बन्धित वडाका एक जना प्रतिनिधिसहितको रोहबरमा मुचुल्का खडा गरी गाड्नुपर्ने र त्यसबारे सम्बन्धित सरकारी निकायमा जानकारी गराउनुपर्ने भनिएको छ । चौथो बुँदामा जङ्गली रातो बाँदर मारिएको अवस्थामा राष्ट्रिय निकुञ्ज कार्यालय, वन्यजन्तु आरक्ष कार्यालय, सिकार आरक्ष कार्यालय, संरक्षण क्षेत्र कार्यालय, डिभिजन वन कार्यालयले प्रत्येक दुई महिनामा नेपाल सरकारको वन तथा वातावरण मन्त्रालयमा विवरण उपलब्ध गराउनुपर्ने उल्लेख गरिएको छ । राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, सिकार आरक्ष, संरक्षण क्षेत्र वा राष्ट्रिय वन क्षेत्रमा जङ्गली बाँदरलाई धपाउन, लखेट्न र पक्रन प्रतिबन्ध लगाइएको छ ।

जङ्गली बँदेलसम्बन्धी खण्डमा धपाउने, लखेट्ने वा पक्रने क्रममा बँदेलको मृत्यु भएको खण्डमा त्यसलाई स्थानीय वडाका प्रतिनिधिसहितको रोहबरमा मुचुल्का बनाएर गाड्न वा तौलका आधारमा मूल्य तोकी त्यसलाई बेचेर राजस्वमा रकम दाखिला गर्न भनिएको छ ।

बाँदर र बँदेलजस्ता जनावरले कृषि बालीमा क्षति पुऱ्याएका विवरण नौलो होइनन् । हालैका वर्षमा बाँदरले खेतमा बाँदर पसेर बाली खाइदिने, भाँच्दिने अनि बिगारिदिने क्रम बढेपछि कैयौँ जिल्लाहरूमा चिन्ता व्यक्त भएका थिए ।

**के सरकारले बाँदरलाई मार्न अनुमति दिएको हो ?**

वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले बँदेल र बाँदरले बालीनाली नष्ट गरेको भन्ने गुनासो देशभरका बस्तीबस्तीबाट आएपछि सरकारले पछिल्लो निर्णय लिएको बताए । तर राजपत्रमा प्रकाशित निर्णयले बाँदरलाई मार्ने छुट भने नदिने उनको भनाइ छ । उनी भन्छन्, 'कानुन बनाएर उनीहरूलाई लेखट्न, धपाउन मिल्ने किसिमको एउटा व्यवस्था हामीले गरिदिएका हौँ । कृषि मन्त्रालयदेखि सबै विज्ञहरूसँग रायसुझाव लिएर यो उपयुक्त होला भन्ने हाम्रो निर्णय हो ।' उनले बँदेलको हकमा 'मार्न सक्ने' भनिएको भएपनि बाँदरको हकमा भने लखेट्ने, धपाउने र पक्रनेसम्म मात्रै भनिएको तर्क गरे । 'बाँदरलाई मार्न मिल्दैन भन्ने स्पष्ट कुरा हाम्रो छ । हाम्रो त्यस्तो सोचाइ पनि छैन ।' अचेल देशभरिमा धेरै दुःख दिने प्रजातिको बाँदरको वैज्ञानिक नाम 'मकाका मुलाटा' हो । त्यसलाई बोलीचालीको भाषामा रातो बाँदर भनेर चिनिन्छ ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशन गरेको राष्ट्रिय कृषि गणना २०७८ को 'सामुदायिक प्रतिवेदन'मा जङ्गली जनावरले कृषि उत्पादनमा पुऱ्याएको हानिनोक्सानीबारे वडा तहमा गरिएको अध्ययनको नतिजा उल्लेख छ । सो नतिजाअनुसार देशभरिका करिब छ हजार वडामा गरिएको अध्ययनमा सबैभन्दा बढी झन्डै ४ हजार वडामा बाँदरले कृषिजन्य उत्पादनमा हानिनोक्सानी पुऱ्याउने गरेको उल्लेख छ ।

बाँदरपछि धेरै नोक्सानी पुऱ्याउने जङ्गली जनावरमा दुम्सी, स्याल र बँदेल रहेका थिए । उक्त सर्वेक्षणले खाद्यान्न बालीपछि तरकारी बालीमा सबैभन्दा धेरै क्षति यस्ता जनावरहरूले पुऱ्याएको देखाएको थियो ।

**विज्ञ र किसानका कस्ता छन् प्रतिक्रिया ?**

बाँदरविज्ञ मुकेश काफ्लेले सबै बाँदरहरू उत्तिकै हानिकारक वा दुष्ट नहुने भन्दै सरकारी नीतिलाई व्यवस्थित बनाउनुपर्ने आवश्यकता औँल्याए । उनी भन्छन्, 'आँकडा लिएर कुन समूहको बाँदर दुष्ट छ त्यसलाई पहिचान गर्नुपर्छ । मानव तथा वन्यजन्तुको हितमा बाँदरलाई सदुपयोग गर्नुपर्छ । बाँदर समाएर अरू देशलाई चाहिन्छ भने दिन पनि सकिन्छ र देशभित्रै प्रयोगशाला राखेर औषधिजन्य विज्ञानमा पनि प्रयोग गर्न सकिन्छ ।' उनले बाँदरमा नयाँ थरीका औषधिहरूको परीक्षण गर्न सकिने बताउँदै नेपालको रातो बाँदरको अन्तर्राष्ट्रिय बजारमा माग रहेको पनि उल्लेख गरे । त्यसबाहेक चिडियाघरलगायतमा पनि बाँदर राख्न सकिने उनको भनाइ छ ।

वन हेर्ने सरकारी निकायकै सहयोगमा 'दुष्ट' खालका बाँदरको आँकडा लिन सकिने बताउँदै चालिसेले 'एकमुष्ट बाँदरलाई मार्ने' सकिने खालको नीति उपयुक्त नहुने बताए । आफू बाँदरपीडित भएको बताउने पर्वत जिल्लाको पैयुँ गाउँपालिकाका किसान शोभाकान्त रिजालले सरकारले ल्याएको नयाँ नियमले आफूहरूका समस्या सम्बोधन गर्नेमा आशङ्का व्यक्त गरे । उनी भन्छन्, 'यसबाट थोरै नियन्त्रण हुन सक्छ तर निमित्यान्न हुने सम्भावना कम देखिन्छ । जबसम्म जङ्गल व्यवस्थित गर्न सकिँदैन, अनावश्यक रुख र झाडी काट्न सकिँदैन, बाँसघारी फाड्न सकिँदैन, गाह्रो हुन्छ ।'

उनले बाँदरलाई धपाएर घना जङ्गल भएका ठाउँ र मानवबस्ती नभएका ठाउँमा पुऱ्याइनुपर्ने भन्दै अहिले पनि विकराल समस्याका रूपमा बाँदरले आफूहरूलाई पिरोलिरहेको बताए । नेपालमा एक किसिमको जङ्गली रातो बाँदर, पहरे बाँदर र काली मुख सेतो रङ्ग भएको लङ्गुर बाँदर पाइने गर्छन् । रातो बाँदरको उपप्रजाति नभए पनि पहरे बाँदरका दुई उपप्रजाति र लङ्गुर बाँदरका तीन उपप्रजाति नेपालमा पाइने बाँदरविज्ञ काफ्लेले जनाए । पहरे बाँदर संरक्षित वन्यजन्तुमा पर्ने भएपनि अन्य बाँदर त्यसमा नपर्ने उनले बताए । 'रातो बाँदर सबैभन्दा धेरै छ । मान्छेको खेतबालीमा नोक्सान गर्ने पनि यो हो । यसलाई खासै संरक्षण गरेर बढाउनु नपर्ने खालको जनावरका रूपमा हेरिन्छ ।'





बाँदरलाई पहिलो पटक नेपाल सरकारले कृषि हानिकारक वन्यजन्तुको सूचीमा राखेको हो । कतिपय स्थानीय निकायले बाँदर नियन्त्रणका लागि बजेट छुट्याएर नै समूहहरू परिचालन गरेका थिए । बीबीसी नेपाली सेवा

# शीतलहर प्रभावितलाई कम्बल वितरण



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
शीतलहर प्रभावित विपन्न परिवारलाई कम्बल वितरण गर्न गरिएको छ । सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड मधेश प्रदेश जनकपुरधाम शाखाद्वारा शुक्रबार जानकी वृदाश्रम जनकपुरधाम र जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर १९ बेंगामा विपन्न परिवारका सदस्यलाई कम्बल वितरण गरेको बरान्च इन्चार्ज मुकेश दासले बताए । कम्बल वितरण गर्दै इन्चार्ज दासले शीतलरहसँगै चिसो बढेपछि जनकपुरमा शीतलहरबाट प्रभावित ज्येष्ठ नागरिक, दलित, गरिब, सिमान्तकृत समुदायलाई कम्बल वितरण गरेका बताए । जाडोबाट प्रभावित भएका विपन्न वर्गमा राहतका लागि न्यानो कम्बल वितरण गरेकोमा इन्स्योरेन्स कम्पनीलाई वडा नम्बर १९ का वडा अध्यक्ष विनोद साहले धन्यवाद ज्ञापन गरे । चिसोले गरिब, दलित, एकल महिला, अपांगता भएका व्यक्ति, दृष्टिविहीनता भएका र ज्येष्ठ नागरिक प्रभावित बनेपछि कम्बल बाँडिएको सुमन रायले जानकारी दिए । कम्बल वितरण कार्यक्रममा अमित क्षेत्री, गणेश गुप्ता, सुमन राय, अरुण यादव, रोशन यादव, संगिता यादव, राजन सिंह लगायतका उपस्थित थिए ।

# रेलमार्ग निर्माणको काम रोकियो

**मधेशदृष्टि**
**जलेश्वर ।**
स्थानीयवासीको विरोधका कारण महोत्तरीको बर्दिबासमा रेलमार्ग निर्माणको काम रोकिएको छ । अधिग्रहण गरी लिनुपर्ने जग्गाको मुआब्जा समस्या समाधान नै नगरी रेल विभागले बोलपत्र प्रक्रिया थालेको आरोप लगाउँदै बर्दिबास नगरपालिका–१४ का जग्गाधनीले रेलमार्ग निर्माणको काम रोकेका छन् ।



जनकपुर–बर्दिबास रेल परियोजनाअन्तर्गत बर्दिबास नगरपालिकामा रहने रेल्वे स्टेशन क्षेत्र नजिकको जग्गामा वर्षौंदेखि बसोबास गर्दै आएका १४ घरपरिवारले सीमाङ्कन गरी विवाद समाधान गरेर मुआब्जा वितरण गर्न रेल विभागसँग माग गरेका थिए । तर, विभागले मनोमानी गरेका कारण आफूहरूले विरोध गर्दै कामकाज ठप्प पारेको स्थानीय मालती खनालले बताए । विभागले लामो समयदेखि ती स्थानमा जग्गाको मुआब्जा विवाद नसुल्झाई हतारमा बोलपत्र प्रक्रिया थालेका कारण स्थानीयले रेल्वेको काममा विरोध गरेपछि कामले गति लिनसकेको छैन । रेल विभागले सीमाङ्कनबिना बोलपत्र आह्वान गरिदिँदा स्थानीयवासीको जग्गा जथाभावी अधिग्रहण गरिएका छन् । एउटै मापदण्डमा परेका जग्गाको मुआब्जा आफूखुसी फरक–फरक दरमा दिइएको छ । कतिलाई समयमै मुआब्जा दिइएको छ भने कतिलाई वर्षौं धाउँदा पनि उपलब्ध नगराउँदा स्थानीय आन्दोलित भएको स्थानीय अगुवा नीरज अधिकारीले बताए । उनले हतारमा बोलपत्र प्रक्रिया थाल्नुले विभागको नियतमा शङ्का उत्पन्न भइरहेको आरोप लगाए । स्टेशन छेउको उक्त जग्गा २०२२ सालमा नापीले नापजाँच गरेको थियो । तर त्यतिबेला लालपुर्जा भने लिन छुटेको थियो । लालपुर्जा लिएको जग्गा २०७८ सालमा नै प्रतिकट्ठा ६१ लाख रुपैयाँ मुआब्जा वितरण भइसकेको छ । तर, लालपुर्जा लिन छुटेका १४ परिवारको मुआब्जा प्राविधिक कारणले रोकिएको स्थानीय खड्गबहादुर सिंहले बताए । पूर्ववडाध्यक्ष भरतबहादुर हमालका अनुसार उक्त जग्गालाई मुआब्जा दिनुपर्छ भन्नेमा रेल विभाग प्रष्ट रहेको भए पनि लालपुर्जा नभएका कारण दिन नसकिएको हो । उक्त जग्गामा मुआब्जा दिनुपर्छ भनेर मन्त्रालयमा सिफारिस गरिसकिएको भन्दै सरकारले निर्णय नगरी मुआब्जा दिने अवस्था नभएको रेल विभागलाई उद्धृत गर्दै पूर्ववडाध्यक्ष हमाल बताउँछन् । यस सन्दर्भमा सहायक प्रमुख जिल्ला अधिकारी एवम् जिल्ला प्रवक्ता उपेन्द्र न्यौपानेले सो क्षेत्रका स्थानीयले पनि चलनचल्तीभन्दा कम मुआब्जा दिने निर्णय भएको भन्दै लिन अस्वीकार गरेको बताए । 'आफूहरूले जायजेथा छाडेर हिँड्नुपर्ने अवस्था आएको भन्दै अर्को ठाउँमा बसोबास गर्नसक्ने पैसा सरकारले दिनुपर्ने रेल्वेपीडितको भनाइ छ । यसबारे पीडितसँग विभाग र ठेकेदारले पटकपटक वार्ता गरेका थिए । तर, स्थानीयले सीमाङ्कन गरी मुआब्जा नदिएसम्म काम गर्न नदिने अडान राखेपछि ठेकेदारले पनि यी क्षेत्रमा काम अघि बढाएका छैनन्', सहायक प्रजिअ न्यौपानेले भने । यस सन्दर्भमा जनकपुर रेल्वेका सूचना अधिकारी कमल साहले ऐन, कानुनअनुसार लालपुर्जा नभएको जग्गाको हकमा मुआब्जा दिन नमिल्ने साथै मुआब्जा के र कुन आधारमा दिने भनी नखोलिएका कारण बर्दिबासका १४ घरपरिवारलाई मुआब्जा वितरणमा समस्या उत्पन्न भएको बताए । उनले ती घरपरिवार विगत २० वर्षभन्दा पनि बढी समयदेखि त्यस स्थानमा बस्दै आएका भए पनि उनीहरूसँग जग्गाको लालपुर्जा नभएका कारण विभागले मुआब्जा दिन नसकेको बताए । तर, उनीहरूकै कारण रेल्वेको कामकाज रोकिएपछि सरोकारवाला निकायसँग मिलेर उनीहरूको समस्याबारे मन्त्रालय हुँदै भूमि आयोगसम्म कुरा पुगिसकेको साथै, मन्त्रिपरिषद्ले समेत उनीहरूको समस्यालाई सम्बोधन गर्न निर्णय गरेर उनीहरूलाई मुआब्जा पाउन जग्गाको लिखित प्रमाण (लालपुर्जा वा अन्य जग्गाको स्वामित्व खुल्ने आधार) बनाइदिन आदेश दिइसकेकाले अब चाँडै समस्या समाधान हुने सूचना अधिकारी साहले बताए । उनले चाँडै बर्दिबासका आन्दोलित जग्गाधनीले मुआब्जा पाउने विश्वास पनि व्यक्त गरे । अहिले रेल्वेपीडितहरू सङ्घीय राजधानी काठमाडौँस्थित रेल विभाग, मन्त्रालय, भूमि आयोग र अन्य सरोकारवालालाई प्रत्यक्ष भेटघाट गरी आफ्ना समस्या समाधानका लागि थप पहल गरिरहेका छन् । अहिले रेलमार्गमा भइरहेको माटो पुर्ने, लिक बनाउने, पुल बनाउने, जग्गा अधिग्रहण, घरजग्गा खाली गराउनेलगायत सबै कामकाज ठप्प छ ।

# निशुल्क आँखा शिविर सम्पन्न



**मधेशदृष्टि**
**वीरगंज ।**
जनमत पार्टी पर्साको लोककल्याणकारी अभियान अन्तर्गत ८ औं निशुल्क आँखा शिविर सम्पन्न भएको छ । वीरगंज महानगरपालिका वडा नम्बर १ छपकैयामा आँखा शिविर सम्पन्न भएको हो । शिविरमा १ सय १२ जनाको आँखाको चेकजाँच गरिएको छ । जसमध्ये ४४ जनामा मोतियाबिन्दु देखिएको जनमत पार्टीका पर्सा अध्यक्ष ओमप्रकाश सर्राफले बताए । उनका अनुसार मोतियाबिन्दु देखिएकाहरुको वीरगंज सामुदायिक आँखा अस्पतालमा निशुल्क शल्यक्रिया गरिनेछ । शिविरमा वीरगंज सामुदायिक आँखा अस्पतालका डा. महेश सिंह धामी लगायतको टोलीले आँखाको चेकजाँच गरेका थिए । पार्टीले जिल्लाका आम नागरिक,सर्वसाधारणलाई मध्यनजगर गर्दै आँखा चेकजाँचको अभियान शुरु गरिएको बताए । ग्रामिण इलाकाका नागरिकहरु स्वास्थ्य सेवाको पहुँचमा आउनबाट वञ्चित हुने तथा उनीहरुमा सूचनाको अभाव समेत रहने भएकाले अभियान नै चलाएर चेकजाँच र शल्यक्रिया शुरु गरिएको अध्यक्ष सरार्फले जनाए । कार्यक्रमको समन्वय, सहजीकरण स्थानीय नेताहरू किशोर कुशवाहा, कृष्ण प्रसाद कानु(लड्डु), भोला ठाकुर लगायतकाले गरेका थिए भने कार्यक्रममा नेताहरू रम्भा मिश्र, संजय सिह, संजय सरार्फ, लोकेश कर्ण, सिकेन्द्र राम लगायतको सक्रिय सहभागिता रहेको थियो । जनमत पार्टी पर्साको लोककल्याणकारी अभियान अन्तर्गत अहिलेसम्म सहरदेखि गाउँसम्म ११ सय जना लाभान्वित भएका छन् भने २४० जनाको निशुल्क मोतियाबिन्द लगायतको शल्यक्रिया सफलता पूर्वक सम्पन्न भएको छ ।

# मोटरसाइकल दुर्घटनामा एकको मृत्यु

**मधेशदृष्टि**
**वीरगंज ।**
भौतिक पूर्वाधार मन्त्रालय मधेश प्रदेशका चालक देवेन्द्र यादवको मोटरसाइकल दुर्घटनामा मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता वरुणबहादुर सिंहले भौतिक पूर्वाधार मन्त्रालयका चालक धनुषाको लक्ष्मिनिया गाउँपालिका–१, का यादवको मृत्यु भएको हो । उनका अनुसार शुक्रबार कार्यालय जाँदै गर्दा जनकपुरधामस्थित मधेश भवन अगाडि भएको मोटरसाइकल दुर्घटनामा यादवको टाउकोमा गम्भीर चोट लागेको थियो । उनलाई उपचारका लागि प्रादेशिक अस्पताल पु¥याएपछि चिकित्सकले मृत घोषणा गरेको हो । यादव सवार ज १ ब ७५५ नम्बरको मोटरसाइकललाई विपरीत दिशाबाट आइरहेको मधेश प्रदेशको २–०२–००४ प ८१९६ नम्बरको मोटरसाइकलले ठक्कर दिएको थियो । दुर्घटनामा संलग्न मोटरसाइकल चालकसहित दुई जनालाई प्रहरी नियन्त्रणमा लिइएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# अत्यधिक चिसो र शीतलहरले जनजीवन प्रभावित

**मधेशदृष्टि**
**वीरगंज ।**
अत्यधिक चिसो र शीतलहरका कारण जनकपुरधामसहित तराई मधेशको जनजीवन प्रभावित बनेको छ । गएको सोमबार दिउँसोदेखि घाम उदाएको भए पनि मंगलवारदेखि एकाएक चलेको चिसो हावा र गएराति शीतको वर्षा भएपछि मधेशमा अत्यधिक चिसो महसूस गरेको स्थानीय बासिन्दाले बताएका छन् ।

धनुषासहितका धेरै जिल्लामा बितेको तीन दिनदेखि घाम उदाएको छैन । शीतलहर र शीतको वर्षा पनि भइरहेको छ ।

अत्यधिक चिसो र घाम अभावका कारण ग्रामीण जनजीवन ठप्प छ । दैनिक ज्याला, मजदूरी गर्नेहरू मारमा परेका छन् । मधेशको जनजीवन १० बजे बिहानसम्म ठप्प हुने गरेको छ । चिसोबाट गरिब विपन्नहरूलाई धेरै समस्या भएको छ । स्थानीय बासिन्दाले आगो तापेर तथा ग्रामीण भेगमा पराल बालेर चिसो छल्ने गरेका छन् । शीतलहर र चिसो हावा अझै केही दिनसम्म रहने अनुमान रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । महाशाखाले शुक्रबार बिहान साढे ९ बजे शीतलहर बिशेष बुलेटिन निकालेर कोशी, मधेश र लुम्बिनी प्रदेशअन्तर्गतका तराई मधेश क्षेत्रमा सावधानी अपनाउन आग्रह गरेको छ । ३ वटै प्रदेशका तराई मधेशमा अहिले पनि हुस्सु तथा कुहिरो लागिरहेको र दिउँसो सामान्य सुधार भएको भए पनि बेलुका पुनः हुस्सु कुहिरो लाग्ने सम्भावना रहेको महाशाखाको बुलेटिनमा उल्लेख छ ।

# नगर विकासका लागि विभिन्न प्रस्तावमा छलफल

**मधेशदृष्टि**
**वीरगंज ।**
पोखरिया नगरपालिकामा नगर विकास समिति जग्गा एकीकरण आयोजना कार्यालय पोखरियामा नगर विकासको सम्बन्धमा विशेष बैठक तथा छलफल कार्यक्रम सम्पन्न भएको छ । शुक्रबार छलफलमा रेखाङ्कन तथा प्लौट निर्माणको प्रास्ताविक खाका (नक्शा) सम्बन्धमा, किता काट गर्न सम्बन्धमा, पोखरिया नगरपालिका वडा नम्बर १ मा रहेको सिट नम्बर ११३–०१०१ किता नम्बर ३०९ भित्र परेका साबिक नापीका किताहरु व्यक्ति विशेषको नाममा रहेको जग्गाहरुको अधिग्रहणको सम्बन्धमा लगायेत विभिन्न विषयको प्रस्तावहरुमा छलफल भएको हो । नगर प्रमुख प्रद्युम्न प्रसाद चौहानको अध्यक्षतामा भएको कार्यक्रममा वडा नम्बर १ को वडा अध्यक्ष प्रमोद गिरी, नगर विकास आयोजना प्रमुख इंजीनियर सुमित कुमार यादव, जग्गा एकीकरण उपभोक्ता समिति अध्यक्ष राजू बाबु गिरी, नगर विकास समितिका सहजकर्ता हरिनारायण मिश्र, मालपोत कार्यालय पर्साका प्रतिनिधि रामरेखा प्रसाद चौरसिया, नापी कार्यालय पर्साका प्रतिनिधि रामप्रमोद राउत, जग्गा धनी तथा कार्यालयका कर्मचारी लगायत सरोकारवालाहरुको उपस्थितिमा छलफल सम्पन्न भएको हो ।



बिहान ५ बजे नै पिडिएफ उपलब्ध

मधेशदृष्टिका प्रिय पाठक, तपाईं इन्टरनेटको पहुँचमा हुनुहुन्छ भने बिहान ५ बजे नै मधेशदृष्टि इन्टरनेटमा पढ्न सक्नुहुनेछ । मधेशदृष्टिको पिडिएफए तपाईंका लागि www.emadheshdristi.com मा बिहान ५ नबज्दै उपलब्ध छ ।




मोबाइलबाटै मधेशदृष्टि पढ्नका लागि स्क्यान गर्नुहोस्

# नारायणी अस्पतालमा १४ जना कर्मचारी माग




**मधेशदृष्टि**
**वीरगंज ।**
नारायणी अस्पतालले स्वास्थ्य सेवा प्रभावकारिता वृद्धि गर्ने उद्देश्यले विभिन्न १३ पदका लागि १४ जना कर्मचारी माग गरेको छ । अस्पताल प्रशासनले माघ ४ गते जारी गरेको एक सूचना मार्फत यो जानकारी सार्वजनिक गरेको हो । अस्पतालका अनुसार चिकित्सक वा स्वास्थ्यकर्मी करार सेवामा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७६ तथा 'स्तनपान परामर्श सेवा कार्यक्रम सञ्चालन सन्दर्भ सामग्री'को अधीनमा रही कर्मचारी माग गरिएको हो । माग गरिएका पदहरूमा ग्याष्ट्रो सर्जन, प्याथोलोजिष्ट, एनेस्थेसियोलोजिष्ट, रेडियोलोजिष्ट, नेफ्रोलोजिष्ट, न्यूरोलोजिष्ट, जनरल फिजिसियन, चेष्ट फिजिसियन, कार्डियोलोजिष्ट, साइक्याट्रिष्ट, ग्यास्ट्रोइन्टेरोलोजिष्ट, मर्मत सम्भार टेक्निसियन र स्तनपान परामर्शकर्ता (२ जना) रहेका छन् । स्तनपान परामर्शकर्ता युनिसेफको सहयोगमा नियुक्त गरिने पनि जनाइएको छ । सूचना प्रकाशित मितिदेखि २१ दिनभित्र योग्यता पुगेका इच्छुक नागरिकले आवेदन दिन सक्नेछन् । नारायणी अस्पताल प्रशासनका अनुसार माग गरिएका पदहरूको विवरण र आवश्यक योग्यता अस्पतालको सूचना बोर्डमा उपलब्ध हुनेछ ।

# एकता अभियानद्वारा चिनियाँ विस्तारवादको कडा आलोचना




**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय एकता अभियानले पर्सा जिल्लामा आफ्नो नयाँ कार्यालय स्थापना गर्दै अभियानलाई थप सशक्त बनाउने घोषणा गरेको छ । अभियानले चिनियाँ विस्तारवाद, धार्मिक अतिवाद र संघीय हिन्दू गणतन्त्रको स्थापनालाई आफ्नो मुख्य उद्देश्य बनाएको छ । एक विशेष कार्यक्रममार्फत कार्यालय उद्घाटन अभियानका केन्द्रीय अध्यक्ष विनय यादवले गरे । उनले राष्ट्रिय स्वाभिमान र पहिचानको रक्षा अभियानको मुख्य ध्येय रहेको बताउँदै अभियानले सामाजिक एकता र राजनीतिक स्थायित्वका लागि महत्त्वपूर्ण भूमिका खेल्ने उल्लेख गरे । कार्यक्रममा प्रमुख अतिथिका रूपमा संरक्षक सेवक सौरभनाथ महाराजको उपस्थिति थियो । कार्यक्रममा केन्द्रीय सदस्य ओमबाबु यादव र अरविन्द त्रिपाठीले सम्बोधन गर्दै अभियानका उद्देश्य र महत्वलाई स्पष्ट पारे ।

नेताहरूले ओली सरकारले चीनसँग गरेको सहमतिहरूको आलोचना गर्दै चिनियाँ हस्तक्षेपलाई खतरनाक भने । उनीहरूले विदेशी प्रभावलाई रोक्न र नेपालको स्वाभिमान जोगाउन सरकारको उदासीनता अन्त्य गर्नुपर्ने माग गरे । कार्यक्रम पर्सा जिल्ला संयोजक बिकाऊ प्रसाद भण्डारी (थारू)को अध्यक्षतामा सम्पन्न भयो भने सञ्चालन केन्द्रीय सदस्य राजेश यादवले गरेका थिए ।

जिल्लास्तरीय गतिविधि र अभियानलाई प्रभावकारी बनाउन आवश्यक रणनीतिहरूबारे पनि छलफल भयो । नेताहरूले अभियानको भावी योजनाहरूबारे चर्चा गर्दै समाजमा देशभक्तिपूर्ण भावना जगाउन जोड दिए । उनीहरूले सामाजिक एकता र स्थायित्वलाई प्रोत्साहन गर्न अभियानको भूमिकालाई महत्त्वपूर्ण बताउँदै थप सशक्त कार्यनीति आवश्यक रहेको बताए ।

अभियानले चिनियाँ विस्तारवादको विरोध र नेपालका आन्तरिक मामिलामा विदेशी हस्तक्षेपलाई रोक्न कडा कदम चाल्न सरकारलाई सचेत गराउँदै आएको छ । नेताहरूले ओली सरकारले चीनसँग गरेको सहमतिको समीक्षा गरी राष्ट्रिय हितलाई प्राथमिकतामा राख्न सरकारलाई आग्रह गरेका छन् ।

राष्ट्रिय एकता अभियानले नेपालको पहिचान, सामाजिक एकता, र स्थायित्वको संरक्षण गर्दै देशव्यापी गतिविधि विस्तार गर्ने योजना बनाएको छ । अभियानले आफ्नो भूमिका प्रभावकारी बनाउन स्थानीयस्तरमा पनि सक्रियता बढाउने प्रतिबद्धता जनाएको छ ।

# खुल्यो कटहरिया नगरपालिकामा लगाइएको ताला

**सञ्जय मिश्रा**
**रौतहट ।**
सहमति कार्वान्यन नभए पुनः तालाबन्दी गर्ने सर्तमा रौतहटको कटहरिया नगरपालिकामा लगाइएको तालाबन्दी खुलेको छ । मेयर र प्रमुख प्रशासकीय अधिकृतले करोडौँ भ्रष्टाचार गर्ने षड्यन्त्र गरिरहेको भन्दै जनप्रतिनिधिहरुले गरेको कटहरिया नगरपालिकाको तालाबन्दी १ महिना पछि खुलेको छ । मेयर अजय प्रकाश जैसवाल र उपमेयर रिता देवी यादव सहित वडा अध्यक्षहरुबीच दुई बुँदे सहमति पछि बिहीबार साँझ ३१ औं दिन तालाबन्दी खुलेको हो । रौतहटका प्रमुख जिल्ला अधिकारी(सिडिओ) हिरालाल रेग्मीको निर्देशनमा स्थानीय प्रशासनले सहजकर्ताको भूमिका निर्वाह गरेपछि दुवै पक्षबीच लामो छलफल पश्चात सहमति भएको थियो । मेयर जैसवालका समर्थकले नगरपालिका को ताला खोल्ने तथा उपमेयर सहित असन्तुष्ट वडा अध्यक्षहरुको समर्थकले खोल्न नदिने भन्दै बिहीबार दिउँसो आमुने सामुने हुँदा केहीबेर अवस्था तनावग्रस्त बनेको थियो । घटनाको सुइँको पाएर कटहरिया नगरपालिका कार्यालय वरपर बिहानै देखि जमा भएका नेपाल प्रहरी सशस्त्र प्रहरीको टोलीले अवस्था साम्य बनाएपछि दुईपक्षीय छलफल शुरु भएको थियो । यस अघि मेयर मेयर जैसवालको निर्देशनमा प्रमुख प्रशासकीय अधिकृत रामजी जोशीले गलत तरिकाले मिति २०८१ मंसिर २० गतेको नगर कार्यपालिका बोर्डको बैठकले गरेको भन्दै लेखेको सम्पूर्ण निर्णय तत्काल कार्वान्यन नगर्ने, अब आउने प्रमुख प्रशासकिय अधिकृतको उपस्थितिमा हुने पहिलो



बैठकमा पेस गरी अनुमोदन हुने बुँदाहरू मात्र कार्वान्यन गर्ने सहमती भएको थियो । त्यसैगरी आगामी बैठकमा असन्तुष्ट पक्षका मागहरु आम जनताको विद्युत महशुल चुक्ता गर्ने, कर्मचारीको तलब



भुक्तानी गर्नुपर्ने, आन्तरिक राजश्व बाँडफाँडबाट आएको रकमको विवरण सार्वजनिक गर्नुपर्ने, कर्मचारी संख्या तथा बाँकी बक्यौता सार्वजनिक गरिनुपर्ने, ईन्धनको विवरण कुन गाडीमा कति तेल राख्ने गरेको हो स्पष्ट हुनुपर्ने, आव २०७९÷०८० देखि गत पुस मसान्तसम्मको आए व्यय बिवरण सार्वजनीक गर्नुपर्ने, कार्यपालिका बोर्डको हरेक बैठक सामाजिक सञ्जालमा लाईभ हुनुपर्ने लगायत समावेश गर्ने सहमति भएको छ । कटहरिया नगरपालिकामा नयाँ प्रमुख प्रशासकिय अधिकृत हाजिर भएको भोलिपल्ट बिहीबार भएको दुईपक्षीय सहमती छलफलमा लैजान अथवा कार्वान्यन गर्न मेयर पक्षले पहल नगरेमा नगरपालिकामा पुनः तालाबन्दी गरिने लिखित सहमती भएको बैठकमा सहभागी कार्यपालिका सदस्य मनोज कुमार जैसवालले बताएका छन् । दुईपक्षीय बैठकमा मेयर अजय प्रकाश जैसवाल पक्षसँगै उपमेयर यादव पक्षमा वडा १ का अध्यक्ष भूपेन्द्र महतो, २ का अध्यक्ष हरेन्द्र जैसवाल, ३ का अध्यक्ष श्यामाकान्त यादव, ४ का अध्यक्ष चन्दन कुशवाहा, ५ का अध्यक्ष सर्फलाल प्रसाद गुप्ता, ६ का अध्यक्ष जयराम चौधरी, ७ का अध्यक्ष महमद सहिद दर्जी, कार्यपालिका सदस्य जामुन ठाकुर, वडा सदस्य रामेश्वर यादव, ईलाका प्रहरी कार्यालय गरुडाका इन्स्पेक्टर ओम प्रकाश यादव, सशस्त्र बेस दुधियाभारका इन्स्पेक्टर चुनराज थापा, लगायतको सहभागिता रहेको थियो भने बरिष्ट पत्रकार सञ्जय मिश्रा सहजकर्ताको भूमिका निर्वाह गरेको सहभागी नगर योजना शाखाका प्रमुख रामनरेश यादवले बताए । गत मंसिर २० गते नगरपालिकामा बसेको कार्यपालिका बोर्डको बैठकमा कुनै सहमती नहुँदा बैठक स्थगित भएको थियो । तर मेयर जैसवालको ईशारामा प्रमुख प्रशासकीय अधिकृत जोशीले त्यही उपस्थितिलाई आधार बनाई दर्जनौं निर्णय लेखेर बिभिन्न प्रलोभन दिएर घरघरमा घुमाई घुमाई कार्यपालिका सदस्यहरुसँग हस्ताक्षर गराउने खेल भइरहेको उपमेयर यादवको नेतृत्वमा गएका जनप्रतिनिधिहरुले गत पुस ९ गते नगरपालिकामा तालाबन्दी गरेका थिए । मेयर जैसवालको घरमा बसेर अधिकृत जोशीले लेखेको निर्णयहरु बदर हुनुपर्ने लगायतका माग उपमेयर सहित असन्तुष्ट पक्षले अघी सारेका थिए । करार कर्मचारीको तलब, ईन्धन खर्च, डीपीआर, आर्थिक सहयोग, बिभिन्न एनजियो लाई कार्यक्रम लगायतको शीर्षकमा मेयर जैसवालले करोडौ रुपैयाँ अनियमितता गर्दैआएको भनेर स्वयम् जनप्रतिनिधिहरुले बिरोध गर्दै आएको छन् । २०७९ को स्थानीय निर्वाचनमा कटहरियामा नेपाली कांग्रेसको टिकट बाट मेयर अजय प्रकाश जैसवाल, उपमेयर रिता देवी यादव सहित वडा ५ ,७, ८ र ९ का वडा अध्यक्ष निर्वाचित भएका थिए ।

निर्वाचित भए देखिनै जुन हिसाबले पनि पैसा खाने मेयर जैसवालको गलत नीतिको कारण प्रतिपक्ष देखी उनकै पार्टी बाट निर्वाचित जनप्रतिनिधिहरु उनी बिरुद्द खुलेरै विरोधमा उत्रिएका छन् । भ्रष्टाचार कै मुद्दामा मेयर जैसवाल सहित जनप्रतिनिधि र कर्मचारी गरी ११ जना केही महिना निलम्बित समेत भएका थिए । निलम्बन फुकुवा भएर आएपछि मेयर अजय प्रकाशको रवैयामा केही सुधार हुन्छ कि भनेर नगरवासीले गरेको अपेक्षा पूरा हुनसकेको छैन ।



## शीतलहर तथा चिसोबाट बच्ने उपायहरु

**प्राय: प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।**

- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं ।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं ।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं ।

**छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।**

**पिपरा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पिपरा, महोत्तरी, मधेश प्रदेश, नेपाल**

# बहुदरमाईको समस्यामा समाधान गर्न एमालेलाई ज्ञापनपत्र

मधेशदृष्टि
वीरगंज ।
पर्साको बहुदरमाई नगरपालिकाको समस्या समाधानका लागि मन्त्रीलाई दबाव दिन नेपाल शिक्षक महासंघले नेकपा एमाले पर्सालाई ज्ञापनपत्र बुझाएको छ । नगरपालिकाको शिक्षक, बालविकास सहयोगी कार्यकर्ता र कर्मचारीहरुले चालू आर्थिक बर्षको श्रावण महिना देखि हाल सम्म (६ महिना र चाडपर्व खर्च) ७ गहिनाको तलब भत्ता नपाएको र हाल विद्यालयको शैक्षिक गतिविधि बन्द रहेकोले सरोकारवाला शिक्षक, बालविकास सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीहरुको दैनिक दिनचर्या समेत अप्ठयारो भइरहेको भन्दै समस्या समाधानका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीलाई ध्यानाकर्षण गराउन महासंघले नेकपा एमाले पर्सालाई ज्ञापनपत्र बुझाएको हो ।

एमालेले नेतृत्व गरिहेको संघीय सरकारको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री पनि नेकपा एमालेको भएकोले साथै मन्त्री पनि पर्सा जिल्लाकै र केही वडाहरू मन्त्री राजकुमार गुप्ताको क्षेत्रमा नै पर्ने भएकोले ज्ञापन पत्र बुझाएको नेपाल शिक्षक महासंघ पर्साका अध्यक्ष तीर्थराज यादवले बताए । शिक्षा विज्ञान तथा प्रविधि मन्त्री पनि नेकपा एमालेबाटै भएकोले सृजित समस्या समाधानमा एमाले जिम्मेवार हुनुपर्ने शिक्षक महासंघको धारणा छ । महासंघका पर्सा अध्यक्ष तीर्थराज यादवको नेतृत्वमा गएको टोलीले एमाले पर्साका अध्यक्ष डा.विश्वम्भर शर्मालाई कार्यालयमै ज्ञापनपत्र बुझाएको हो ।



**मन्त्रिपरिषद्को कार्यालय भवन:** सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय भवन । विसं. २०७२ वैशाख १२ गतेको भूकम्पले क्षति भएपछि पुनः निर्माण गरेर कार्यालय सञ्चालनमा ल्याइसकिएको छ । तस्बिरः रत्न श्रेष्ठ/रासस

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन